मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

'सगरमाथा संवादका निष्कर्ष कार्यान्वयनमा अघि बढेका छौं'



वर्ष ३ • अंक २१५ • २०८२ साल असार ०४ गते बुधबार • Wednesday 18, June 2025 • सूर्योदयः बिहान ५:११ बजे • सूर्यास्तः साँझ ७:०१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# एमाले बोकेको 'एक वर्षे' समीक्षा गर्दै कांग्रेस



शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस



शेखर कोइराला, नेता, नेपाली कांग्रेस



गगन थापा, महामन्त्री, नेपाली कांग्रेस

**मधेशदृष्टि**
**वीरगंज ।**
२०८१ असार १७ गते मध्यराति नेपाली कांग्रेस र नेकपा एमालेबीच सरकार सञ्चालनमा सहमति भएको थियो । यही बलमा नेकपा एमाले आफ्नै समर्थन रहेको नेकपा माओवादी केन्द्रलाई दिइएको समर्थन फिर्ता लिएर आफ्नै नेतृत्वमा सरकार बनाउन तयार भएको थियो । कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओली असार ३० गते प्रधानमन्त्री भएका थिए । असार सकिन ४ हप्ता बाँकी छ । अनि एमालेलाई सरकार बनाउन समर्थन गरेको साढे ११ महिना बितेको छ ।

सरकार बनेको दुई महिना नहुँदै यो सरकार ढल्छ भनेर प्रतिपक्षी थाकेन भने अमेरिका, चीन जानुअघि नै प्रधानमन्त्रीले मन्त्री हेरफेर गर्ने चर्चा चल्यो । तर यो बीचमा कांग्रेसका एकजना ऊर्जाराज्यमन्त्रीबाहेक अरु मन्त्री हेरफेर पनि भएन । कांग्रेसबाट सरकारमा जान इच्छुक नेताहरुको प्रतीक्षा पनि लामै समय भयो । तर कसैको मन्त्री हुने पालो आएन । एमालेमा पनि शिक्षामन्त्री विद्या भट्टराईको राजीनामापछि रघुजी पन्त शिक्षामन्त्री भए, अरु मन्त्री हुने रहरमै सीमित भए ।

तेस्रो पार्टी नेकपा माओवादी केन्द्र पनि सरकार आफैँ ढल्ने भन्दै देशव्यापी अभियानमा लाग्यो भने चौथो पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्पवा)का सभापति रवि लामिछाने आधा दर्जन भन्दा बढी जिल्लामा सहकारी ठगी प्रकरणमा हिरासतमै छन् । पर्सा जिल्ला अदालतमा अझ कठोर मुद्दा दर्ता भएको छ । अर्को प्रतिपक्षी राजावादी शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) राजासहितको हिन्दू आन्दोलनमा होमिएपछि शीर्ष नेताहरु नै धमाधम हिरासतमा परेर धरौटी बुझाउँदै रिहा हुने क्रम जारी छ ।

पछिल्लो एक महिना यता आफ्नै पार्टीका गृहहमन्त्री रमेश लेखक भिजिट भिसा प्रकरणमा मुछिएपछि संसद अवरुद्ध छ । बजेट पारित गर्ने क्रमसँगै संसदमा देखिएको गतिरोध अन्त्य गर्न माओवादी एकाएक 'कमब्याक' भएपछि नेपाली कांग्रेस पनि हच्किएको छ । लामो समय नेकपा एमाले र प्रधानमन्त्री केपी शर्मा ओलीमाथिको प्रहारले राजनीतिक लाभ लिइरहेको सत्तारुढ नेपाली कांग्रेस पछिल्लो समय आफ्नै गृहमन्त्रीको राजीनामा प्रकरणमा विभाजित छ ।

पार्टीका नेता शेखर कोइराला, महामन्त्री गगन थापा र मन्त्रिमण्डलमै रहेका प्रदीप पौडेलले समेत गृहमन्त्री रमेश लेखकले राजीनामा दिएर छानबिनमा सहजता दिन सार्वजनिकरुपमै बोल्न थालेपछि कांग्रेसको आन्तरिक राजनीति पेचिलो बनेको छ । नेकपा एमालेले जुरुक्क काँधमा बोके पनि पछिल्लो समय कांग्रेसभित्रै असन्तुष्टि बढेको छ ।

यही असन्तुष्टि छताछुल्ल हुँदै बजेट निर्माणमा प्रदेशका अर्थमन्त्रीले सचिव पिट्न खोजेर बजेटसमेत प्रभावित हुन थालेको र नेकपा एमाले नेतृत्वको सरकारले बजेटमा लामो हात गरेको भन्दै प्रदेश सरकारका सहभागी कांग्रेसले असन्तुष्टि पार्टीमा दर्ज गराएको छ । मोहम्मद अफताब आलम प्रकरण र गृहमन्त्रीको भिजिट भिसा प्रकरणसँगै एमालेसँग माओवादीले संसद अवरोध नगर्ने सहमति गरेपछि कांग्रेस एकाएक केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बोलाउने अवस्थामा पुगेको छ ।

आज अर्थात् असार ४ गते बुधबार कांग्रेसको बैठक बोलाइएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । बिहान ८:३० बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य एवम् आमन्त्रित सदस्यको उपस्थितिका लागि अनुरोध गरिएको छ । रास्वपा र राप्रपाले भिजिट भिसा प्रकरणबारे गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै आएका छन् ।

बैठकमा यो विषयका साथै अन्य समसामयिक विषयमा छलफल हुने बताइएको छ । कांग्रेसले नेकपा एमालेलाई दिएको समर्थनको एक वर्षको पनि समीक्षा गर्ने बताइएको छ । पछिल्लो पटक महामन्त्री गगन थापाले पार्टीको महाधिवेशन २०८३ मंसिरअघि नै हुने बताउँदै आएका छन् भने केही महिनापछि एमालेले प्रधानमन्त्री कांग्रेस सभापति शेरबहादुर देउवालाई दिने बताइरहँदा महामन्त्री थापाले पार्टी सभापति भन्दा अरु धेरै अनुहार प्रधानमन्त्री हुन योग्य र अब्बल रहेको बताउँदै आएका छन् ।

पछिल्लो समय संसदमा कांग्रेसका मन्त्रीकेन्द्रित आन्दोलन र पश्चिम तथा दक्षिणका छिमेकको अरुचिका बीच पनि सरकार एक वर्ष पूरा भइरहँदा पार्टीभित्र विकसित राजनीतिक घटनाक्रमले सभापति देउवामाथि परेको दबाबबारे पनि पार्टीमा छलफल हुने अपेक्षा छ । सरकारको समीक्षासँगै पार्टीको महाधिवेशनबारे धारणा बनाउन बैठकमा छलफल हुने अपेक्षा छ । सभापति असन्तुष्टहरुको धारणा सुन्न पनि तयार भएपछि बैठक बसाइएको छ ।

# मन्त्रीसँग मधेशी अधिकृत समाजको पाँच अपेक्षा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
मधेशी अधिकृत समाज नेपालले 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' बारे सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको ध्यानाकर्षण गराएको छ । निजामती विधेयकमा मधेशी समुदायको प्रतनिधित्व निष्पक्ष, समावेशी र न्यायसङ्गत हुनुपर्ने माग गर्दै समाजले मन्त्री गुप्ताको ध्यानाकर्षण गराएको हो । मंगलबार मन्त्रालय पुगेर समाजले ध्यानाकर्षण पत्र मन्त्री गुप्तालाई हस्तान्तरण गरेको छ ।

ध्यानाकर्षण पत्रमार्फत समाजले राजपत्राङ्कित प्रथम श्रेणीको समावेशी खुला प्रतिस्पर्धाको निरन्तरता, आरक्षणमा सुधार, राजपत्राङ्कित विशिष्ट श्रेणीमा पदावधि तोकिनुपर्ने, सबै सेवा समूहमा वृत्तिपथको समान अवसर र पदोन्नतिको व्यवस्थामा एकरुपता हुनुपर्ने तथा समावेशी पदोन्नति प्रणाली विकास गरिनुपर्ने माग गरेको छ ।

समावेशी, उत्तरदायी र संघीय मूल्यमान्यतासँग मेल खाने निजामती प्रशासन निर्माणका लागि आफूहरूले ध्यानाकर्षण पत्र मन्त्रीसमक्ष पेस गरेको समाजका अध्यक्ष भुदेव झाले जानकारी दिए । संविधानको धारा १८, ४२ र २८५ ले समाजका सबै वर्ग, समुदाय र क्षेत्रको सहभागिता सुनिश्चित गर्न स्पष्ट व्यवस्था गरेको सन्दर्भमा सङ्घीय निजामती सेवा विधेयकमा मधेशी समुदायको समावेशितासम्बन्धी विशेष प्रावधान स्पष्टरुपमा उल्लेख हुनुपर्ने उनको भनाइ छ । वर्तमान अवस्थामा मधेशी समुदायका कर्मचारीहरू नीतिगत तह तथा नेतृत्व तहमा न्यून प्रतिनिधित्वमा सीमित रहेको भन्दै अध्यक्ष झाले संघीय शासन प्रणालीअन्तरगतको समावेशी प्रशासनको उद्देश्य नै प्रभावहीन बनाउने जोखिम उत्पन्न गरेको दाबी गरे । उनका अनुसार मधेशी अधिकृत समाज नेपालले निजामती सेवा र अन्य सरकारी सेवामा मधेशी समुदायबाट प्रवेश गरेका अधिकृतस्तर वा सोभन्दा माथिका सबै कर्मचारीबीच आपसी सञ्जाल विस्तार, सामूहिक हित, आपसी सहकार्य, पेशागत व्यावसायिकताको विकास, सेवामा मधेशी समुदायको प्रतिनिधित्व तथा पहुँचको विस्तार, सामुदायिक र सामुहिक हितको संरक्षण गर्ने कार्यहरू गर्दै आएको छ ।

# हेटौँडामा मनाइयो योगदिवस



**मधेशदृष्टि**
**हेटौँडा ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले योगाभ्यासबाट स्वास्थ्य लाभ लिन सकिने बताउँदै दैनिक योगाभ्यास अपनाएर स्वस्थ र तन्दुरुस्त रहन नागरिकलाई आग्रह गर्नु भएको छ । अन्तर्राष्ट्रिय योग दिवसको उपलक्ष्यमा भारतीय महावाणिज्य दूतावास, वीरगंजको संयोजनमा हेटौँडाको रोयल पार्टी प्यालेसमा भएको योग शिविरमा मुख्यमन्त्री लामाले यस्तो बताउनु भएको हो ।

कार्यक्रममा महावाणिज्यदूत देवी सहाय मीनाले मानव जातिको स्वास्थ्य र समग्र कल्याणका लागि योग जरुरी भएको बताउनु भयो ।

योगशिविरमा विभिन्न राजनीतिक दलका नेता, प्रतिनिधि, विभिन्न नागरिक संगठनका पदाधिकारी, सदस्यसहित २ सय जनाको सहभागिता थियो । सन २०१४ मा संयुक्त राष्ट्र महासभाले नेपालसहित १ सय ७७ देशमा अन्तर्राष्ट्रिय योग दिवसको तिथि तय गरेर मनाउन भनेको थियो । यो वर्ष 'एक पृथ्वी, एक स्वास्थ्यका लागि योगको महत्व' नारा तय भएको थियो ।

नेपाल भारत विश्व मैत्री संघ, नेपाल भारत मैत्री संघ, डायनेमिक पब्लिक लाइब्रेरी, हेटौँडा र पतञ्जली योग समिति, मकवानपुरले संयुक्तरुपमा योगशिविर आयोजना गरेको हो । योगशिविर आयेजनाका महावाणिज्यदूताबासले सबैमा आभार प्रकट गरेको छ ।

# अन्सारी हिरासतमै रहने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को हिरासतमा रहेका युनुस अन्सारीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट खारेज भएपछि उनी हिरासतमै रहने भएका छन् । शुक्रबार अन्सारीले सिआइबीको आर्थिक तथा वित्तीय अपराध अनुसन्धान महाशाखासमेतलाई प्रतिपक्षी बनाउँदै उच्च अदालत पाटनमा बन्दी प्रत्यक्षीकरणको दायर गरेको रिट खारेज भएको हो ।

मंगलबार उच्च अदालतका न्यायाधीशद्वय ऋषि राजभण्डारी र कविप्रसाद न्यौपानेको इजलासले अन्सारीको रिट खारेज गरेको हो । आइतबार दुर्गाप्रसाद ढुंगेलको इजलासमा अन्सारीको रिटको सुनवाइ गर्दै जवाफसहित उपस्थित हुन र वादी (अन्सारी)लाई पनि उपस्थित गराउन आदेश भएको थियो । अदालतको आदेशपछि मंगलबार सिआइबीले अन्सारीलाई समेत अदालतमा उपस्थित गराएको थियो । सुनुवाइ सकिएपछि अन्सारीको रिट खारेजको आदेश भएको हो । जेठ १० गते तोकिएको सजाय भुक्तान गरेर ललितपुरको नक्खु कारागारबाट छुटेलगत्तै अन्सारीलाई सिआइबीले पक्राउ गरेको थियो । उनीमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान गर्न प्रहरीले नियन्त्रणमा लिएको हो र सिआइबी हिरासतमा छन् । २०७६ जेठ १० गते युनुससहित ६ जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले पक्राउ गरेको थियो । उनीहरुबाट ७ करोड ७६ लाख नक्कली भारतीय रुपैयाँ बरामद भएको थियो । कतारबाट काठमाडौँ आउने तीन पाकिस्तानी नागरिकमा राहदानी नम्बर एए १२४५४९४ वाहक ४९ वर्षीय मोहम्मद अख्तर, एआर २४०६४३२ वाहक ६७ वर्षीय नासिर उद्दिन र राहदानी नम्बर सीएन १८१२०३२ बाहक ३९ वर्षीय नादिया अनवर पक्राउ परेका थिए । उनीहरु कराँचीबाट कतार हुँदै नेपाल आएका थिए । तीन जना पाकिस्तानी नागरिकलाई लिन पुगेका युनुस पक्राउ परेका थिए । घटनामा अन्सारी दोषी ठहर हुँदै ६ वर्ष कैद र ६० हजार रुपैयाँ जरिवाना र १ हजार ३ सय रुपैयाँ क्षतिपूर्ति सजाय भुक्तान गरेर छुटेलगत्तै सिआइबीको नियन्त्रणमा परेका हुन् ।

# सात वर्षपछि उखु अनुदान रोकियो किसानको आँशु पोखियो

**मधेशदृष्टि**
**सर्लाही ।**
७ वर्षदेखि किसानलाई उखुमा दिइँदै आएको अनुदान रकम बजेटमा कटौती भएको छ । यसले उखु खेती गर्ने किसानलाई मार पर्ने र पलायन हुने अवस्था आउनसक्ने देखिएको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जेठ १५ गते सार्वजनिक गरेको आर्थिक वर्ष २०८२–८३ को बजेटमा उखु किसानलाई दिइँदै आएको अनुदान रकम नसमेटिएको हो । चालु आर्थिक वर्ष २०८१–८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको छ । तर, आगामी बजेटमा यसबारे कतै उल्लेख नभएपछि किसानको जिन्दगी गुलियो उखु उत्पादन गरेर अमिलो हुने संकेत गरेको छ । सरकारले कार्यविधि निर्माण गरेर २०७५ सालदेखि उत्पादनका आधारमा किसानलाई अनुदान रकम दिँदै आएको थियो । प्रतिक्वीन्टल ७० रुपैयाँ उखुमा किसानले अनुदान पाउँदै आएका थिए । अनुदान कटौतीले लागत उठ्न गाह्रो हुने भएकाले किसान पलायन हुने देखिएको हो ।

जेठ २८ गते उखु उत्पादक संघसम्बद्ध विभिन्न सरोकारवालाले चालु आर्थिक वर्षकै सिर्जित दायित्व डेढ अर्ब भन्दा बढी रकम निकासा गरिदिन अर्थमन्त्री पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी र उद्योगमन्त्री दामोदर भण्डारी भेटेका छन् । मन्त्रीहरूले 'पैसा दिन नसकिने' भनेर जवाफ फर्काएको उखु उत्पादक संघ सर्लाहीका उपाध्यक्ष श्यामबाबु रायले जानकारी दिए ।

सांसदहरू हरि उप्रेती र लीला श्रेष्ठमार्फत उनीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र पनि पठाएका थिए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक अनुसार एक वर्ष अवधिमा उखु उत्पादन क्षेत्रफल १ हजार ७ सय ८७ हेक्टर घटेको छ । आव २०७७–७८ मा ६४ हजार ३ सय ५४ हेक्टर क्षेत्रफलमा उखु खेती हुँदै आएकामा २०७८–७९ मा ६२ हजार ५ सय ६७ हेक्टर क्षेत्रफलमा सीमित भएको छ । २०७९–८० मा ६२ हजार ८ सय ३३ हेक्टर क्षेत्रफलमा उखु खेती गरिएको थियो । २०८०–८१ मा ६२ हजार २ सय २५ हेक्टरमा उखुखेती सीमित भएको छ । नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघले असार १ गते पत्रकार सम्मेलन गरेर उखु उत्पादक किसानलाई १ अर्ब ६० करोड रुपैयाँ अनुदान उपलब्ध गराउन माग गरेका छन् ।

नेपालमा वार्षिक २ लाख ८० हजार टन चिनी खपत हुने गरेको छ । तर चिनी उत्पादन १ लाख ८० हजार टन मात्र छ । किसान पलायन भए अझ उत्पादन घट्ने पक्का छ ।

# ‘मन्त्रालय मातहत भएका कामको प्रगति चित्तबुझ्दो भएन’

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालय मातहत भएका कामको प्रगति चित्तबुझ्दो नभएको बताएका छन ।
ऊर्जा मन्त्रालयमा मंगलवार भएको उच्च व्यवस्थापन समूह (एसएमटि) को बैठकमा मन्त्री खड्काले चालु आवको ११ महिना बितिसक्दा पनि मन्त्रालय र मातहतका निकायबाट चित्तबुझ्दो काम हुन नसकेको बताए ।
‘मन्त्रालय अन्तरगतको प्रगति कम देखिँदा काम गर्ने कर्मचारी र काम नगर्ने कर्मचारी एउटै डालोमा परेको देखियो, हामी कर्मचारीलाई स्थायी सरकार भन्छौँ, तर व्यवहारमा त्यो स्थायित्व देखिँदैन, कामलाई गम्भीरताका साथ लिनुहोस्, लक्ष्य प्राप्तिका लागि पुरस्कार र दण्डको व्यवस्था गरौँ,’ मन्त्री खड्काले भने ।
पूर्वाधारसँग प्रत्यक्ष्य जोडिएको र टड्कारो रुपमा प्रगति भएको छ की छैन भनेर देखिने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय भएकाले प्रगति चित्त बुझाउने ठाउँ नभएको उहाँले उल्लेख गरे । मन्त्रालय र त्यसअन्तरगतका निकायमा देखिएको कामको ढिलासुस्तीबारे सचिवहरुले जानकारी लिएर ढिलासुस्ती अन्त्य गर्न लाग्नुपर्ने मन्त्री खड्काको भनाइ थियो ।
‘आफ्नो काम के हो, के उपलब्धि हासिल गर्न सकिन्छ, त्यसतर्फ सबै लाग्नुपर्छ, खर्च गर्न सकिँदैन भने बजेट किन माग्ने, के का लागि माग्ने ?,’ उनले प्रश्न गरे ।
मन्त्रालय मातहत निकायको प्रमुख बन्न हानथाप गर्ने तर जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति देखिएको भन्दै उनले चिन्ता व्यक्त गरे ।
मन्त्री खड्काले मन्त्रालय र यसअन्तरगतका निकायमा रहेको बेरुजुलाई समयमै फछ्र्यौट गर्न कर्मचारीलाई निर्देशन दिए । मन्त्रालय अन्तरगतका निकायमा अर्थको तालमेल हुन नसकेको उनको भनाइ थियो ।
ऊर्जा राज्यमन्त्री खमबहादुर गर्बुजा उपस्थित रहेको उक्त बैठकमा ऊर्जा सचिव सुरेश आचार्यले आर्थिक वर्ष अन्त्य हुन लाग्दासमेत मन्त्रालय र मन्त्रालय अन्तरगतका निकायमा चित्तबुझ्दो काम हुन नसकेको बताए ।
कार्यक्रममा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव दिनानाथ मिश्र, विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंह, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, मन्त्रालयका सहसचिवलगायत सम्बन्धित निकायका उच्च अधिकारीको उपस्थिति थियो ।
बैठकमा मन्त्रालय र मातहतका निकायको चालु आवको जेठ मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति विवरण मन्त्री खड्कासमक्ष प्रस्तुत गरिएको थियो ।रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय, गितमन्दिर रोड, वीरगंजको
## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि राष्ट्रिय स्तरको पत्रिकामा विभिन्न मितिमा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०३/१९ गते बिहिबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| |
|---|
| **१)ऋणीको नाम, ठेगाना** |
| सुखि साह कानुको नाति, जगत प्रसाद कानुको छोरा जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (ना.प्र.नं. ३४१०२२/१३८७६ जारी मिति २०६८/०४/३०, जि.प्र.का. पर्सा) वर्ष ३१ को **श्री रोशन कुमार गुप्ता** । |
| **कर्जाको प्रकार:- व्यक्तिगत आवधिक कर्जा, घर बर्जा** |
| **कर्जाको सुरक्षण विवरण:** |
| सुखि साह कानुको नाति, जगत प्रसाद कानुको छोरा जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (ना.प्र.नं. ३४१०२२/१३८७६ जारी मिति २०६८/०४/३०, जि.प्र.का. पर्सा) वर्ष ३१ को **श्री रोशन कुमार गुप्ता**को नाममा दर्ता कायम भएको पर्सा जिल्ला बीरगंज उ.म.न.पा. वडा नं. १ स्थितको कित्ता नं.५८५ र ३४६ को जम्मा क्षेत्रफल क्रमश: ०००१८०.०९ र ०००३३९.२० वर्ग मिटरको घर जग्गा । |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) धनराज प्रसाद साह कानुको छोरी, जगत प्रसाद साह कानुको बुहारी, रोशन कुमार गुप्ताको पत्नि जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (ना.प्र.नं. ३४-०१-७७-०८९४१ जरी मिति २०७७/१२/२२, जि.प्र.का.पर्सा) वर्ष २४ की **श्रीमति रोशनी कुमारी** । |
| **२)ऋणीको नाम, ठेगाना** |
| सुखि साह कानुको नाति, जगत प्रसाद साह कानुको छोरा जिल्ला पर्सा, बीरगंज उ.म.न.पा, वडा नं. ०१ बस्ने (ना.प्र.नं.३४३०२२/१/४७, जारी मिति २०६३/११/२९ जि.प्र.का, पर्सा) वर्ष ३७ को **श्री चन्दन साह कानु** । |
| **कर्जाको सुरक्षण विवरण** |
| **कर्जाको सुरक्षण विवरण:** |
| **१**सुखि साह कानुको नाति, जगत प्रसाद साह कानुको छोरा जिल्ला पर्सा, बीरगंज उ.म.न.पा, वडा नं. ०१ बस्ने (ना.प्र.नं.३४३०२२/१/४७, जारी मिति २०६३/११/२९ जि.प्र.का, पर्सा) वर्ष ३७ को **श्री चन्दन साह कानु**को नाममा दर्ता कायम भएको पर्सा जिल्ला बीरगंज उ.म.न.पा. वडा नं. १ स्थितको कित्ता नं.५८६ को जम्मा क्षेत्रफल ०००१८०.०९ को घर जग्गा । |
| **व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) किशोरी साहको छोरी, जगत प्रसाद साह कानुको बुहारी, चन्दन साह कानुको पत्नि जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (३४-०१-७८-०१८४०, जारी मिति २०७८/०४/२१ जि.प्र.का. पर्सा) वर्ष ४५ की **श्रीमति पुजा देवी** ।<br>**ख**) सुखि साह कानुको नाति, जगत प्रसाद कानुको छोरा जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (ना.प्र.नं. ३४१०२२/१३८७६ जारी मिति २०६८/०४/३०, जि.प्र.का. पर्सा) वर्ष ३१ को **श्री रोशन कुमार गुप्ता** ।<br>**ग**)धनराज प्रसाद साह कानुको छोरी, जगत प्रसाद साह कानुको बुहारी, रोशन कुमार गुप्ताको पत्नि जिल्ला पर्सा, बीरगंज म.न.पा. वडा नं. ०१ बस्ने (ना.प्र.नं. ३४-०१-७७-०८९४१ जरी मिति २०७७/१२/२२, जि.प्र.का.पर्सा) वर्ष २४ की **श्रीमति रोशनी कुमारी** । |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |
| **पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० ( नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार १८ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार १९ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# पर्सा प्रशासनले राष्ट्रिय परिचयपत्र सेवाको समय लम्ब्यायो



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको अत्यधिक चापलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय पर्साले सेवा समय लम्ब्याउने निर्णय गरेको छ । कार्यालयले एक सूचना जारी गर्दै २०८२ साल असार ४ गतेदेखि लागू हुने गरी राष्ट्रिय परिचयपत्र विवरण संकलनसम्बन्धी सेवा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने जनाएको हो ।
प्रशासकीय अधिकृत दिपक कुमार पटेलद्वारा जारी सूचनामा सार्वजनिक बिदाबाहेक हरेक दिन सेवा प्रवाह हुने जानकारी दिइएको छ ।
सेवा लिने नागरिकको सुविधालाई केन्द्रमा राखी सेवा समय थप गरिएको कार्यालयले जनाएको छ । पछिल्लो समय परिचयपत्रको माग तीव्र गतिमा बढ्दै गएपछि सेवा प्रभावकारी बनाउने उद्देश्यले समय विस्तार गरिएको हो । जिल्ला प्रशासन कार्यालयले नागरिकहरूलाई आवश्यक कागजातसहित समयमै कार्यालयमा उपस्थित भई सेवा लिन आग्रह समेत गरेको छ ।

# सम्भावित जोखिमलाई मध्यनजर गर्दै सतर्क रही काम गर्न मन्त्री यादवद्धारा निर्देशन

**काठमाडौँ ।**
खानेपानीमन्त्री प्रदीप यादवले बाढी पहिराका कारण निम्तिने सम्भावित जोखिमका लागि पूर्ण रुपमा सतर्क रही काम गर्न सम्बन्धित निकायका कर्मचारीहरुलाई निर्देशन दिएका छन् ।
मंगलबार काठमाडौँ उपत्यका खानेपानी लिमिटेडको आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत ललितपुरको धोबीघाटस्थित निर्माणाधीन फोहर पानी प्रशोधन केन्द्रको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण गर्दै मन्त्री यादवले गत वर्ष बाढीले पु¥याएको क्षतिको अनुभवलाई मध्यनजर गर्दै, यस वर्षसमेत सम्भावित जोखिमका लागि पूर्ण सतर्क रहन सम्बन्धित निकायलाई आग्रह गरे ।
उनले भने, “गत वर्षको बाढीले निर्माणाधीन यस फोहर पानी प्रशोधन केन्द्रमा ठूलो क्षति पु¥याएको थियो ।
यसवर्ष पनि जोखिम आउन सक्छ । सम्भावित जोखिमलाई मध्यनजर गर्दै पूर्ण सतर्क रही काम गर्नु होला ।”
अनुगमनका क्रममा मन्त्री यादवले फोहर पानी प्रशोधन केन्द्रको निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेकाले यसले वातावरण संरक्षण र दिगो शहरी विकासतर्फ सकारात्मक सङ्केत दिएको उल्लेख गरे ।
यसैगरी मन्त्री यादवले फोहर पानीको वैज्ञानिक व्यवस्थापनमार्फत वातावरणीय संरक्षण तथा शहरी जनजीवनको गुणस्तर सुधार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो परियोजना तोकिएको समयमा नै सम्पन्न हुने आफुले विश्वास लिएको बताए ।
सरकारले वातावरणीय संरक्षण र जनस्वास्थ्यको सुधारका लागि यस्ता फोहोर पानी प्रशोधन केन्द्रहरूको निर्माणलाई निरन्तर प्राथमिकतामा राखेको मन्त्री यादवले जानकारी दिए ।
उनले निर्माण कम्पनीलाई जिम्मेवारी निष्ठापूर्वक पालना गर्दै तोकिएको समय सीमाभित्र काम सम्पन्न गर्नसमेत निर्देशन दिए ।
उक्त अनुगमनमा खानेपानी मन्त्रालयका सचिव ईञ्जिनियर प्रमिलादेबी शाक्य बज्राचार्य, एसियाली विकास बैंकका प्रतिनिधि, आयोजना कार्यान्वयन निर्देशनालयका प्रमुख लक्ष्मिप्रसाद उपाध्याय, निर्माण कम्पनीका कर्मचारी लगायतको सहभागीता रहेको थियो ।

# ‘नेपालको न्याय प्रणालीमाथि दृढ विश्वास जागेको छ’

**काठमाडौं ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रले नेपालको न्याय प्रणालीमाथि दृढ विश्वास जागेको बताएका छन् ।
मंगलबार तीन लाख रुपैयाँ धरौटीमा छुटे पश्चात उनले धरौटीमा छोड्ने अदालतको फैसलाले नेपालको न्याय प्रणालीमाथि दृढ विश्वास जागेको बताए ।
उनले भने, ‘अदालतले न्याय दिएकोमा राज्यले अन्याय गर्दा पनि अहिलेको अवस्थामा अदालत न्याय दिन सक्षम रहेछ र अदालतले आफ्नो विवेक प्रयोग गर्ने ठाँउमा विवेक प्रयोग गर्ने रहेछ भन्ने कुराले नेपालको न्याय प्रणालीमाथि दृढ विश्वास यसले जगाइ दिएको छ ।’
यस्तै, उनले राज्यले जसरी आरोप लगाएको थियो त्यो दुखद भएपनि अदालतले न्याय दिएकोमा खुसि रहेको बताए ।
उनले भने, ‘राज्यले जुन किसिमको आरोप हामी माथि लगायो र हामीलाई दोषि करार गर्नको लागि जसरी राज्य पक्षबाट विभिन्न किसिमका आरोप लगाइयो त्यो दुखद थियो तर अदालतले न्याय दिएकोमा म खुसि छु ।’
काठमाडौंको तीनकुनेमा चैत १५ गते राजावादीले गरेको आन्दोलन हिंसात्मक भएपछि मिश्र पक्राउ परेका थिए । मिश्रमाथि राज्यविरुद्धको कसूर, आपराधिक उपद्रव, सङ्गठित अपराध र एकीकृत कसूरमा मुद्दा दर्ता भएको थियो ।
मिश्रसँगै पक्राउ परेका राप्रपाका महामन्त्री धवलशमशेर राणा भने हिजो बेलुका तीन लाख रुपैयाँ धरौटी बुझाएर रिहा भइसकेका छन् ।

# समाजवादी ट्रेड युनियन महासंघ जसपामा रुपान्तरण

**काठमाडौं, ।**
समाजवादी ट्रेड युनियन महासंघ जनता समाजवादी पार्टीमा आवद्धता जनाएको छ ।
महासंघले काठमाडौंमा एक कार्यक्रम गरी केन्द्रीय समिति रुपान्तरण गरेको हो ।
रुपान्तरित कार्यक्रमका प्रमुख अथिति समाजवादी पार्टीका संघिय परिषद अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले भने ‘श्रमिकहरुको हक अधिकार रक्षा लागि पार्टीले सधै पक्ष पोषण गर्नेछ, पार्टी निर्माणको यो अभिन्न अंग हो ।’
केन्द्रीय अध्यक्ष अशोककुमार राईले भने, ‘उपेन्द्रजीको एकांकी व्यावहारले वृहत पार्टी निर्माण गर्न र पहिचान स्थापित गर्न नसकिएको बताए । पार्टीको महाअधिवेशनमा आफु निकट केही संख्याका मानिसलाई रातारात प्रतिनिधि बनाएर कब्जा गर्न खोजेको अहिलेको व्यवहारले प्रष्ट भएको बताए ।
महासचिव मो ईश्तिहाक राई भने, ‘उपेन्द्रसँग भएको म एक्लो यस्तो व्यक्ति थिए, जो १८ बर्ष देखि काम गर्दै आएको थिए तर र्टी निर्माण क्रममा म माथि ६ वटा मुद्दा लगाइयो, विभिन्न आन्दोलनमा पटक पटक जेल पनि गइयो ।’ श्रमिकहरुको एकताले देशको शासन व्यवस्था बदलेको ईतिहास रहेको जनाउँदै उनले अब श्रमिकहरुले आफनो हक अधिकारको लागि एक जुट भएर जानुको विकल्प नभएको बताए । उपेन्द्र यादवले आफु भन्दा सिनियर नेताहरुलाई पार्टीमा मिलाएर राख्न नसकेको पनि बताए । ‘उपेन्द्रजीले बाबुराजजीलाई भगाउनु भयो, महन्थ ठाकुर छोड्न बाध्य तुल्याउनु भयो । लामो काम गर्नु भएको अशोकजी , राजेन्द्रजीहरुलाई पनि छोड्न बाध्य पार्नु भयो ।’

# ग्राहकलाई ठगी गरेमा बैङ्कलाई कारबाही गरिने

**जनकपुरधाम ।**
नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेलले कुनै पनि बैंकले ग्राहकलाई ठगी गरेको पाइएमा तुरुन्त कारबाही गर्ने चेतावनी दिएका छन् ।

नेपाल राष्ट्र बैङ्क जनकपुर कार्यालयको आयोजनामा नेपाल उद्योग वाणिज्य महासङ्घ र बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिसँगको छलफलमा उनले सर्वसाधारणको सम्पत्ति जोगाउने र बैङ्कको पैसा धेरै मानिससम्म पुर्याउनेमा आफ्नो ध्यान रहेको बताए ।

ग्राहकलाई समस्यामा पार्ने वा विभिन्न बहानामा ठगी गरेको पाइए सो बैङ्कलाई बिना कुनै छुट तुरुन्त कारबाही गर्ने उनको भनाइ छ । धनुषाका व्यापारीहरुले विगतमा बैङ्कहरुले धितो राखी ऋण लिएका ऋणीहरुलाई विभिन्न जटिल परिस्थिति उत्पन्न गरी धितो लिलाम गरेको गुनासो गरेपछि गभर्नर पौडेलले यस्तो चेतावनी दिएका हुन् । सो छलफलमा व्यवसायीहरुले ऋण



लिन आउने साना व्यापारी तथा किसानलाई बैङ्कले वास्ता नगर्ने गरेको गुनासो गरेका थिए ।

छलफलमा बैङ्कका प्रतिनिधिहरुले मधेश प्रदेशमा ऋण लिएर तिर्न नसक्नेको सङ्ख्या धेरै भएको जानकारी दिएका थिए । धनी र गरिब बीचको आर्थिक खाडल कम गर्नु आफ्नो प्रमुख प्राथमिकता भएको गभर्नर पौडेलको भनाइ छ । 'मौद्रिक नीति वित्त नीतिको मातहतमा हुनुपर्छ । सुपरिवेक्षण क्षमता बढाएर अर्थतन्त्र चलाउनुपर्छ,' उनले भने, 'त्यसैले कम नियम र ज्यादा सुपरिवेक्षणमै मेरो जोड छ ।' बैङ्कको पैसा सीमित धनी व्यक्तिको हातमा केन्द्रित नभई साना व्यवसायी र सर्वसाधारणसम्म ऋणका रूपमा पुग्नुपर्ने गभर्नर पौडेलले विचार व्यक्त गरे ।

छलफलमा बैङ्क तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले प्रस्तुत सुझावहरूलाई नीति निर्माणमा प्राथमिकताका साथ समावेश गरिने र यस कार्यक्रमले सहयोग पुग्ने उल्लेख गरे । कार्यक्रममा सहभागी उद्यमीहरूले व्यवसाय सञ्चालनमा भोगिरहेका समस्या, वित्तीय पहुँच र कर्जाको सहजताजस्ता विषयमा आफ्ना विचार राखेका थिए । रासस

# अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलोपटक सिरहाका दुई खेलाडी

**सिरहा ।**
जारी त्रिदेशीय टी–२० अन्तर्राष्ट्रिय त्रिकोणात्मक सिरिजअन्तर्गतको प्रतियोगितामा सिरहाका दुई खेलाडी एकै पटक सहभागी हुन सफल भएका छन् । स्कटल्यान्डको टिटउट रङ्गशालामा सोमबार राति भएको नेदरल्यान्डस् विरुद्धको खेलमा सिरहाको बरियारपट्टि गाउँपालिका–४ का नन्दन यादव र औरही गाउँपालिका–३ ईंटाटारका रुपेशकुमार सिंह सहभागी भए । तेस्रो सुपर ओभरमा नेपाल पराजित भएको उक्त प्रतियोगितामा 'डेब्यु' गरेका नन्दन र रुपेश दुवैले राम्रो प्रभाव छोड्न सफल भएका छन् । नन्दनले २.५ ओभर बलमा १८ रन दिएर महत्त्वपूर्ण दुई विकेट लिए । उनको इकोनोमी ६.३५ रहेको थियो । त्यसैगरी रुपेशले ३ ओभर बलिङ गरेर ३१ रन खर्चे । नन्दनले ब्याटिङतर्फ 'नटआउट' चार बलमा १२ रन बटुल्न सफल भए । खेललाई सुपर ओभरमा धकेल्न उनको महत्वपूर्ण योगदान रह्यो । नन्दन डिभिजन टूअन्तर्गतका एक दिवसीय खेलमा उम्दा प्रदर्शन गरेको खेलाडी हुन भने रुपेश यसअघि हङकङ सिरिजमा नेपाली टोलीमा रहेका थिए । अन्तर्राष्ट्रिय क्रिकेटमा दुई खेलाडीको सहभागितासँगै जिल्लाका क्रिकेटप्रेमीहरु उत्साहित भएका छन् । नेदरल्यान्डस्सँग निर्धारित २० ओभरको खेलमा १५३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १५२ रन बनाएपछि खेल सुपर ओभरमा गएको थियो । रासस

# पाँच वर्षमा पनि सम्पन्न भएन गोलबजार–लगडी–गदियानी सडक

**सिरहा ।**
दुई वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण शुरु भएको गोलबजार–लगडी–गदियानी सडक झण्डै पाँच वर्ष बितिसक्दा पनि सम्पन्न भएको छैन । सिरहा नगरपालिका, अर्नमा गाउँपालिका र गोलबजार नगरपालिकालाई जोडने २८ किलोमिटर लामो यस सडक क्षेत्रका बासिन्दाका लागि वर्षौंदेखि हिलो र धुलो नियतिजस्तै बनिसकेको छ । स्थानीय जगेश्वर यादवले सडक पक्की हुने जनाउँदै उत्साहित नागरिक अचेल निरास भएको गुनासो गरे । 'ठेकेदारले सडक छेउ खनेर त्यसै छाडेका छन् । समयमा काम सम्पन्न नगर्दा सडकको प्रयोग गर्न त पाइएको छैन नै, बर्खामा हिलो र हिउँदमा धुलो खेप्न बाध्य छौं', उनले भने । अर्नमा गाउँपालिका–३ का सिकेन्द्र यादवले दुई वर्षभित्रमा कालोपत्र गर्ने भनिएको सडक पाँच वर्ष बितिसक्दा पनि सम्पन्न



नभएकाले हिलो धुलोले थप पीडा भएको बताए । सिरहा क्षेत्र नं ३ मा पर्ने यो सडक हरेक चुनावमा चुनावी मुद्दा बन्ने गर्छ । तर, चुनावसँगै यो सडकको मुद्दा हराएर जाने गरेको यादवको भनाइ छ । उनले भने, 'प्रत्येक आमचुनावमा आश्वासनमात्र पाइयो । निर्माण शुरु भएपछि त समयमै सम्पन्न होला भन्ने आशा पलाएको पनि थियो । तर समस्या ज्यूँका त्यूँ रह्यो ।' हुलाकी सडक निर्देशनालय, योजना कार्यालय जनकपुरले झण्डै पाँच वर्षदेखि यो सडक निर्माण गरिरहेको छ । ट्र्याक खोलेर सडक कालोपत्रका लागि २०७७ साल भदौमा ठेक्का स्वीकार भई २०७९ साल फागुन २३ भित्र काम सम्पन्न हुनेगरी तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले शिलान्यास गरेका थिए । तर, यो लामो अवधिभरमा अहिलेसम्म सडकका केही ठाउँमा नाला बनाउन र ग्राभेल हाल्नबाहेक खासै काम भएको छैन । यस अवधिमा निर्देशनालयले पहिलोपटक २०८० साल फागुन २२ र दोस्रोपटक २०८१ साल फागुन २२ सम्म एक–एक वर्ष गरी दुईपटक म्याद थप गरिदिएको छ । यो म्याद सकिसक्दा पनि अहिलेसम्ममा सडकको भौतिक प्रगति करिब २८ प्रतिशतमात्र रहेको निर्देशनालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिए । उनले पुनः अन्तिमपटकलाई ठेकेदार कम्पनीलाई एक वर्षको म्याद थप्ने प्रक्रिया अगाडि बढाइएको बताए । उनले भने, 'आशा गरौँ, यो अवधिभित्र काम सम्पन्न हुन्छ, भएन भने हामी ठेकेदारलाई कारबाही गर्ने प्रक्रियातर्फ अगाडि बढ्छौँ ।' यो सडक निर्माणमा ठेकेदार कम्पनी र निर्देशनालयको बेवास्ताका कारण यहाँका सर्वसाधारणले सास्ती भोग्नुपरेको अर्नमा गाउँपालिकाका अध्यक्ष अशोक यादवको गुनासो छ । समयमै काम सम्पन्न गर्न ठेक्का लिएको निर्माण व्यवसायी कम्पनीलाई अनुरोध गरे पनि अहिले उनीहरू सम्पर्कमै आउन छाडेको अध्यक्ष यादवले बताए । निर्देशनालयले सडक निर्माणका लागि ९१ करोड ३९ लाख ७९ हजार ६० मा निर्माण व्यवसायी कम्पनीलाई ठेक्का दिएको थियो । अहिलेसम्म ठेकेदार कम्पनीलाई भ्याटबाहेक २५ करोड ४९ लाख सात हजार ७१४ भुक्तानी भइसकेको निर्देशनालयले जनाएको छ । रासस

# महोत्तरीमा घट्दै ट्राफिक कारबाही

**महोत्तरी ।**
महोत्तरी जिल्लामा ट्राफिक प्रहरीले गर्ने कारबाही क्रमशः घट्दो छ ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको पछिल्लो तीन वर्षको तथ्याङ्कअनुसार बर्सेनि कारबाहीको सङ्ख्या घट्दै गएको देखिएको हो । चालु आर्थिक वर्षको गत जेठ मसान्तसम्ममा कारबाही सङ्ख्या २४ हजार ४६४ रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३५ हजार ९२७ र त्यसभन्दा अघिल्लो आव २०७९÷८० मा ३७ हजार १५० थियो । 'सवारी साधनको सङ्ख्या दिनहुँ बढ्दो छ,' जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लक्ष्मीराज जोशी भन्छन्, 'ट्राफिक सचेतना कार्यक्रमको प्रभावले हुनसक्छ, हामीले नियमित चेकजाँच बढाए पनि कारबाही गर्नुपर्ने अवस्था घटेका छन् ।' सडक दुर्घटना र मानवीय क्षतिका घटना पनि घट्दै गएको उनको भनाइ छ ।

कारबाही सङ्ख्या घटे पनि ठूला सवारीसाधनका चालकहरु बढी कारबाहीमा पर्दा राजस्व भने वृद्धि भएको जोशीले स्पष्ट पारे । चालु आवमा दुई करोड ३३ लाख ६१ हजार ५०४ राजस्व सङ्कलन भइसकेको छ । रासस

# गौर आयुर्वेद औषधालयमा पाँच दिवसीय योग प्रशिक्षण कार्यक्रम शुरु

**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको कविलासी नगरपालिका–७ गौरबजारस्थित आयुर्वेद औषधालयमा मंगलवारदेखि पाँच दिवसीय योग प्रशिक्षण कार्यक्रम शुरु गरिएको छ । 'योग गरौं, निरोग रहौं' भन्ने मूल नारासहित शुरु गरिएको कार्यक्रममा वडा नम्बर–७ का वडा अध्यक्ष धर्मेन्द्र राय यादवको अध्यक्षता र कविलासी नगरपालिकाका प्रमुख ब्रह्मदेव रायको प्रमुख आतिथ्यतामा उद्घाटन गरिएको हो । कार्यक्रममा उपप्रमुख पुनम कर्ण, प्रमुख प्रशासकीय अधिकृत राजकिशोर महतो, स्वास्थ्य शाखा प्रमुख संजय झालगायत अन्य जनप्रतिनिधिहरू र स्थानिय समुदायको उपस्थिति रहेको थियो ।

आयुर्वेद निरीक्षक रामविश्वास रायका अनुसार कार्यक्रम असार ७ गतेसम्म सञ्चालन हुनेछ । बिहान ६ बजेबाट शुरु हुने प्रशिक्षणमा पतञ्जली योग समितिका प्रशिक्षकद्वय त्रिलोकेन्द्र यादव र नरेश ठाकुरले प्रशिक्षण दिनेछन् । कार्यक्रमको आयोजना कविलासी नगरपालिकाको आयुर्वेद शाखाले गरेको हो । योग अभ्यासमार्फत नागरिकहरूलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

# सर्लाहीमा घरेलु मदिरा सेवनबाट एक जनाको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बलरा नगरपालिकामा घरेलु मदिरा सेवन गर्दा एक व्यक्तिको मृत्यु भएको छ । बलरा नगरपालिका–९ नरहरगन्जका अन्दाजी ३६ वर्षीय केदार साह सोनारको अत्यधिक मदिरा सेवनबाट ज्यान गएको इलाका प्रहरी कार्यालय गडहिया डुमरियाले पुष्टि गरेको छ ।

सोनार घरेलु मदिरा सेवनपछि सडकमा अचेत अवस्थामा फेला परेका थिए । स्थानीयले खबर गरेपछि घटनास्थल पुगेको प्रहरी टोलीले उनलाई मृत अवस्थामा पाएको हो । 'सडकमा लडेको अवस्थामा भेटिएका उनलाई जाँच गर्दा घटनास्थलमै मृत्यु भइसकेको पुष्टि भयो,' प्रहरी निरीक्षक उज्जवल कार्कीले भने । घटनाको कानुनी प्रक्रिया (मुचुल्का) सकेर मृतकको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा पठाइएको प्रहरीले जनाएको छ ।

सर्लाहीमा पछिल्लो समय घरेलु मदिरा सेवनका कारण स्वास्थ्य समस्या र ज्यान जाने घटनाहरू दोहोरिन थालेका छन् । स्थानीय स्तरमा बिना अनुमति उत्पादन हुने घरेलु मदिरा सस्तो मूल्यमा सजिलै पाइने भएकाले यसको सेवनमा तीव्र वृद्धि भएको हो । स्थानीय व्यापारी तथा घरघरमै उत्पादन हुने मदिरा बिक्रीमा सम्बन्धित निकायको निगरानी नहुँदा समस्या झन् जटिल बन्दै गएको देखिन्छ । यसैबीच जनस्वास्थ्यकर्मीहरूले पनि बजारमा गुणस्तरीय परीक्षण विना बिक्री भइरहेको घरेलु मदिरा दीर्घकालीन रूपमा खतरनाक हुने चेतावनी दिएका छन् । स्थानीय बासिन्दाहरूले यस्ता मदिरा उत्पादन तथा बिक्री वितरणमा कडाइ गर्न प्रशासनको ध्यानाकर्षण गराएका छन् ।

# रौतहटमा दुई सय व्यक्ति कांग्रेसमा प्रवेश

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा सयौंको संख्यामा नेता कार्यकर्ताहरु नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । जिल्लाको माधवनारायण नगरपालिका–५ मिठुअवा कटहरिया टोलमा मंगलबार आयोजित पार्टी प्रवेश एवम् नेता कार्यकर्ता भेटघाट कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी दुई सय भन्दा बढी व्यक्ति नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् । नेपाली कांग्रेस माधवनारायण नगरपालिका–५ को वडा कार्य समितिले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा कटहरिया टोलका राजिनन्द सहनी, जय प्रकाश सहनी, गोपाल सहनी, रामएकवाल सहनी लगायतका नेता कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गरेका हुन् ।

उनीहरू नेकपा एकीकृत समाजवादी र नेकपा एमाले परित्याग गरी कांग्रेसमा प्रवेश गरेको बताइएको छ । नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता, कांग्रेसका मधेश प्रदेश सभापति, पूर्वमन्त्री एवम् रौतहट क्षेत्र नं १ (ख) का प्रदेश सांसद कृष्ण प्रसाद यादवले उनीहरुलाई टिका, माला लगाएर पार्टी प्रवेश गराएका हुन् । कांग्रेसका मधेश प्रदेश सभापति यादवले नव प्रवेशीहरुलाई पार्टीमा स्वागत गरेका छन् । सभापति यादवले पार्टीमा आएका नव प्रवेशीहरुलाई आगामी सफल कार्यकालको शुभकामना दिएका थिए । नेता यादवले प्रमुख अतिथिको आसनबाट बोल्दै नेपाली कांग्रेस निकै पुरानो इतिहास बोकेको ठूलो दल रहेकोले चाहेर पनि कसैले परास्त गर्न नसक्ने बताएका थिए । अरु दलको कुनै भविष्य नरहेको बताउँदै उनले कांग्रेस पार्टी मात्र देशको स्थायित्व दिन सक्ने भएको हुँदा सबैलाई कांग्रेसमा लाग्नुपर्ने धारणा राखेका थिए । कांग्रेसका मधेश प्रदेश प्रचारप्रसार विभाग प्रमुख नितेश गुप्ताको विशेष पहलमा उनीहरू विभिन्न दल छाडेर कांग्रेसमा प्रवेश गरेको बुझिएको छ । राजनीतिमा ठूलो पकड़ भएका र ठूलो प्रभाव राख्ने दिग्गज नेताहरु कांग्रेसमा प्रवेश गरेकाले आगामी दिनको लागि मिठुअवा र माधवनारायण नगरपालिकामा नेपाली कांग्रेस पार्टी अझै मजबूत भएको गुप्ताले बताए । एउटै टोलको सयौं नेता कार्यकर्ताहरुले सामूहिक रूपमै कांग्रेसमा आएकाले आउँदो २०८४ को निर्वाचनमा माधवनारायण नगरपालिकामा कांग्रेसले राम्रो मत ल्याउने र बहुमत प्राप्त गर्ने नेता गुप्ताले विश्वास व्यक्त गरेका हुन् । कार्यक्रममा माधवनारायण नगरपालिकाका नगर प्रमुख बैजनाथ प्रसाद यादव, नेपाली कांग्रेसका रौतहट जिल्ला सचिव मिथलेश मिश्रा लगायतका वक्ताहरुले देशमा एकमात्र पार्टी नेपाली कांग्रेसले मात्र विकास गर्न सक्ने भन्दै कांग्रेसमा लाग्न सबैलाई आग्रह गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका नेता, कार्यकर्ताहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

# कटहरिया नगरपालिकाले सार्वजनिक गर्‍यो ५४ करोडको बजेट

**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कुल ५४ करोड २५ लाख ५२ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । संघीय र प्रदेश सरकारको निर्देशनअनुसार असार मसान्तभित्र नगरसभा सम्पन्न गर्नुपर्ने प्रावधानअनुरूप कटहरियाले मंगलबार ११औँ नगरसभा भव्य रूपमा सम्पन्न गर्दै नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको हो । नगर प्रमुख अजय प्रकाश जयसवालको अध्यक्षतामा सम्पन्न नगरसभामा प्रस्तुत बजेट समावेशी विकास, पूर्वाधार विस्तार, रोजगारी सिर्जना र सेवा प्रवाहमा केन्द्रित रहेको छ ।

नगर प्रमुख जयसवालले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सडक, विद्युत् तथा भौतिक पूर्वाधारलाई विशेष प्राथमिकतामा राखिएको जानकारी दिए ।

बजेटमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, शर्तसहित तथा विशेष अनुदान, राजस्व बाँडफाँड, समपूरक अनुदान र आन्तरिक स्रोतको समायोजन गरिएको छ । नगर प्रमुख जयसवालका अनुसार सिमित स्रोतसाधनका बाबजुद पनि नगरले केही महत्वाकांक्षी र रुपान्तरणमुखी योजना कार्यान्वयनमा ल्याएको छ । उनले विगत तीन वर्षमा नगरले विकासको क्षेत्रमा उल्लेखनीय फड्को मारेको बताउँदै शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, रोजगारी सिर्जना लगायतका क्षेत्रमा ठोस काम भएको दाबी गरे । आगामी वर्ष नगरलाई समृद्ध, सशक्त र नमुना बनाउन सबै नागरिकको साथ आवश्यक रहेको भन्दै उनले विकासको अभियानमा सबैलाई सहकार्यको आह्वान पनि गरे । नगरसभामा सिँचाइ, शहरी विकास, सञ्चार, वातावरण तथा विपद् व्यवस्थापन, खेलकुद, संस्कृति, गरिबी निवारण तथा सुशासनसँग सम्बन्धित नीति तथा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको पनि उल्लेख गरिएको छ ।

कटहरियाको यस वर्षको बजेट स्थानीय आवश्यकता, दीगो विकास र आधारभूत सेवा प्रवाहलाई जोड दिँदै कार्यान्वयन हुने गरी प्रस्तुत गरिएको नगर प्रमुख जयसवालले बताए ।

# गौशालामा उपप्रमुखलाई गेटमा रोकिएको खबर असत्यः प्रमुख महतो

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको गौशाला नगरपालिकाले उपप्रमुखलाई कार्यालय प्रवेशमा रोक लगाएको भन्ने समाचारप्रति आपत्ति जनाउँदै त्यसलाई पूर्णतः असत्य, भ्रामक र कपोकल्पित भनेको छ । नगर कार्यपालिकाले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै विभिन्न सञ्चारमाध्यममा प्रकाशित÷प्रसारित सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । विज्ञप्तिमा भनिएको छ, 'गौशाला नगरपालिकामा खटिएका नगर प्रहरी वा कुनै पनि निकायले उपप्रमुखलाई कार्यालय प्रवेशमा रोक लगाएको छैन । सार्वजनिक भएका समाचार र भिडियोहरू एकतर्फी र वास्तविकताविपरीत छन् ।' नगरप्रमुख डा. दिपेन्द्र महतोद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'नगर प्रहरीले उपप्रमुखलाई पटक–पटक कार्यालयमा उपस्थित हुन अनुरोध गरे पनि उहाँ आफैंले उपस्थित हुन अस्वीकार गर्नुभएको हो ।' सञ्चारमाध्यमहरूमा आएको भिडियो तथा समाचारमा जस्तो कुनै घटनाक्रम नघटेको र जनप्रतिनिधिहरूको सम्मानमा कुनै कमीकमजोरी नभएको नगरपालिकाले स्पष्ट पारेको छ । नगरपालिकाले यस्ता एकतर्फी समाचारले जनप्रतिनिधिबीचको आपसी समन्वयमा नकारात्मक असर पार्ने भएकाले संयमित र तथ्यपरक रिपोर्टिङ गर्न पत्रकार तथा सञ्चारकर्मीहरूलाई आग्रहसमेत गरेको छ ।

# छोराको हत्या आरोपमा दोषीलाई सफाइ दिने न्यायाधीशविरुद्ध उजुरी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटका श्रीनारायण सिंह राजपुतले आफ्नो छोराको हत्या आरोपमा दोषीलाई सफाइ दिने उच्च अदालतका न्यायाधीशहरूविरुद्ध उजुरी दर्ता गरेका छन् । २०६४ सालमा भएको बम विस्फोट घटनामा त्रिलोकप्रताप सिंह 'पिन्टु' ले ज्यान गुमाएको भन्दै राजपुतले न्यायाधीश डा. खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि आरोप लगाएका छन् । राजपुतका अनुसार १२०० पृष्ठका बलियो प्रमाणहरूका बाबजुद, केवल चार घण्टामा निर्णय सुनाएर प्रमुख अभियुक्त मोहम्मद अफ्ताब आलमलाई उन्मुक्ति दिइयो । यसअघि रौतहट जिल्ला अदालतले अफ्ताब आलमलाई जन्मकैदको सजाय सुनाइसकेको थियो । तर, उच्च अदालतमा पुनरावलोकन गर्दा निर्णय उल्टिएको थियो । राजपुतले न्यायाधीशहरूविरुद्ध आर्थिक चलखेलको आशंका व्यक्त गर्दै उनीहरूको निलम्बन र कारबाहीको माग गरेका छन् । १८ वर्षदेखि न्यायको लागि संघर्षरत राजपुतले न्यायालयभित्रको शुद्धिकरणको आवश्यकता औंल्याएका छन् ।

सम्पादकीय

# एक महिनामा उठ्छ साढे १४ अर्ब राजस्व ?

*पर्साको सिर्सियास्थित वीरगंज सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा ४५ अर्ब ६१ करोड ६८ लाख ५० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । ११ महिनामा राजस्व सङ्कलन कार्य उत्साहजनक रहेको बताइएको छ । कार्यालयको कामै राजस्व उठाउने हो । लक्ष्यअनुसार राजस्व उठेको छ कि छैन भन्ने प्रश्न मात्रै हो । कार्यालयले साउनमा तीन अर्ब ७५ करोड रुपैयाँ, भदौमा चार अर्ब ६४ करोड रुपैयाँ, असोजमा चार अर्ब ३६ करोड रुपैयाँ र कात्तिकमा तीन अर्ब ७९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको जनाएको छ । यस्तै, मङ्सिरमा तीन अर्ब २२ करोड रुपैयाँ, पुसमा तीन अर्ब ५६ करोड रुपैयाँ, माघमा चार अर्ब २९ करोड रुपैयाँ संकलन भएको देखिन्छ । कार्यालयले फागुनमा चार अर्ब ६८ करोड रुपैयाँ र चैतमा चार अर्ब ५० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ।*

*कार्यालयले वैशाखमा भने चार अर्ब ३४ करोड ५२ लाख ८९ हजार रुपैयाँ संकलन गरिरहँदा जेठमा चार अर्ब ४३ करोड ५७ लाख ११ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको जनाएको छ । कार्यालयले आर्थिक वर्षभरमा ६० अर्ब चार करोड ८७ लाख ९७ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य राखेको थियो । अब असार महिनामा कार्यालयलाई १४ अर्ब ४३ करोड १९ लाख ४७ हजार रुपैयाँ राजस्व उठाउने दायित्व हो । फेरि पनि कार्यालय भने राजस्व संकलन उत्साहजनक भइरहेको दाबी गर्छ।*

*अघिल्ला वर्षहरुमा कोरोना, डेंगुलगायतका समस्या थिए । हो, त्यसैले राजस्व संकलन प्रभावित थियो । यो वर्ष त्यस्तो केही पनि छैन, कुनै आन्दोलन पनि छैन । सरकार स्थिर छ, बहुमत प्राप्त छ र काममा कतै अवरोध पनि छैन । यस्तो अवस्थामा अघिल्ला वर्षहरुको तथ्यांकका आधारमा सुधार होइन, अश्वगतिमा राजस्व संकलनमा भइरहेको दुर्गतिबारे समीक्षा हुनु पर्छ । एकैदिन त्यही वीरगंज बजारमा भन्सार छलेका ५० लाख रुपैयाँसम्मका सामान प्रहरी र सशस्त्र प्रहरीले बरामद गर्ने अनि लक्ष्य बोकेर राजस्व संकलन गर्ने कार्यालयहरुले लक्ष्य नभेटाउने काम किन भयो ? यसमा कसको असहयोग रह्यो ? यस्ता विषयहरुमा घोत्लिन जरुरी छ । किनभने हामी नयाँ स्पर्धामा बाँच्ने हो, पुराना तथ्यांकमा प्रगति देखाएर जनता ढाँट्न बन्द गरौँ।*

# कीर्तिमानी आरोहीहरुको गाउँ ‘बेदिङ’



राजु सिलवाल

सन् १९५२ मा स्विजरल्यान्डको एउटा अनुसन्धान टोली काठमाडौँ, दोलखा हुँदै रोल्वालिङ उपत्यकाबाट पाँच हजार ७०० मिटर उचाइमा रहेको तासिलाप्चा पास पार गरेर सगरमाथातर्फ गएको थियो । त्यो टोलीमा दोलखाको गौरीशङ्कर गाउँपालिकास्थित बेदिङ गाउँका रिताछिरी शेर्पा पनि सामेल हुनुभएको थियो । बेदिङबाट सगरमाथा क्षेत्र जाने उहाँ पहिलो व्यक्ति हुनुहुन्थ्यो।

बेदिङ गाउँ हिमाल आरोहीहरुको गाउँका रुपमा परिचित छ । यो गाउँका बासिन्दाहरु विगत लामो समयदेखि हिमाल आरोहण पेसामा आबद्ध छन् । रिताछिरी सन् १९५३ मा सर एडमन्ड हिलारी तथा तेन्जिङनोर्गे शेर्पाको टोलीमा पनि सगरमाथामा जानुभएको जानकारी उहाँका छोरा दावाछिरी शेर्पाले दिनुभयो । त्यतिबेला उहाँका साथमा उहाँका ज्वाइँ पेम्बुतर शेर्पा पनि जानुभएको थियो । हिलारी नेतृत्वको आरोहण टोलीमा संलग्नतापछि रिताछिरी शेर्पाले चीनको स्वशासित क्षेत्र तिब्बतबाट याक ल्याएर बेदिङ र ना गाउँमा पशुपालन गर्नुभएको थियो । केही वर्षअघि ८५ वर्षको उमेरमा उहाँको निधन भएको थियो । उहाँका छोरा दावाछिरीले पनि १२ पटक सगरमाथा आरोहण गर्नुभएको थियो । २०५८ सालमा दर्ता गरिएको एभरेष्ट समिटर्स क्लब, रोल्वालिङ, दोलखाका अध्यक्षसमेत रहनुभएका दावाछिरीका अनुसार हालसम्म बेदिङ गाउँका सयौँले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । जसमा महिलाहरुको सङ्ख्या नगण्य छ । बेदिङका ६ जनाको हिमाल आरोहणका क्रममा निधन भएको थियो । उक्त गाउँका सगरमाथा आरोहीहरुमध्ये ५२ जना जीवित छन् । बेदिङकै सगरमाथा आरोही आङफूर्वा शेर्पा ८० वर्ष कटिसक्नुभएको छ । उहाँ हाल काठमाडौँमा बस्नुहुन्छ । अन्य धेरै आरोही कामका सिलसिलामा काठमाडौँमै बसे पनि बर्खायामका बेला गाउँमा भेटिन्छन् । केही आरोही भने अमेरिका पुगेका छन्।

स्मरणीय आरोहीहरु

विसं २०५० वैशाख १० गते पहिलो नेपाली महिला आरोहीका रुपमा सगरमाथा आरोहण गर्न सफल स्व पासाङल्हामु शेर्पाको पर्वतारोहण टोलीको सरदारका रुपमा सोनामछिरिङ शेर्पा रहनुभएको थियो। शिखरबाट फर्कंदा पासाङल्हामु तथा सोनामछिरिङ शेर्पा साथै हुनुहुन्थ्यो । अचानक मौसम बिग्रेर समयमा उद्धार गर्न नसकिएको केही दिनपछि पासाङल्हामुको शव फेला परेको थियो भने सोनामछिरिङलाई फेला पार्न सकिएन । उहाँको शव हालसम्म भेटिएको छैन । आरोही पेम्बादोर्जे शेर्पाका अनुसार सोनामछिरिङ पनि बेदिङ गाउँकै हुनुहुन्थ्यो। यो पङ्क्तिकारले २०४९ सालमा सोनामछिरिङलाई कम बोल्ने स्वभावका साथै अत्यन्त शालीन व्यक्तिका रुपमा भेटेको थियो।

सगरमाथा आरोहणका क्रममा ज्यान गुमाउने बेदिङबासीमध्ये लोप्साङजाङ्बु शेर्पालाई अझै मानिसहरु सम्झने गर्दछन् । पङ्क्तिकारले उहाँलाई भेट्दा हिमालमा कसरी नयाँ कीर्तिमान कायम गर्न सकिन्छ भन्ने लक्ष्यबाहेक अन्य ध्याउन्न केही नभएको पाएको थिएँ । राष्ट्रिय पोसाक लगाएर सगरमाथा चढ्नुभएका लोप्साङजाङ्बुको नयाँ कीर्तिमान कायम गर्ने सिलसिलामा हिमालमै निधन भएको थियो।

दोलखा जिल्लास्थित गौरीशङ्कर गाउँपालिकाको हाल वडा नं ९ मा रहेको बेदिङ गौरीशङ्कर नामले पनि परिचित छ। रोल्वालिङ उपत्यकामा रहेको यो गाउँ समुद्री सतहदेखि तीन हजार ६९० मिटरदेखि चार हजार २०० मिटरसम्मको उचाइमा छ । रोल्वालिङ उपत्यका पर्वतारोहण गाइडको प्रशिक्षणलाई उपयुक्त स्थल मानिएको छ । विश्वकै चर्चित माउन्टेन गाइडहरु यसै स्थलका बासिन्दा भएको स्थानीय ९ नं वडाका अध्यक्ष ङिमागेली शेर्पा बताउनुहुन्छ।

रोल्वालिङ उपत्यका जहाँबाट सगरमाथा तथा तिब्बत पनि जान सकिन्छ । यहींको बेदिङ गाउँमा मानिसहरु हिउँदमा बस्ने गर्दछन् भने वर्षाको समयमा लेकमा रहेको ना गाउँमा सर्ने गर्दछन् । ना भनेको शेर्पा भाषामा तीर्थ भएको गाउँ पनि भनिन्छ । बेदिङमा गाउँबस्ती ठूलो छ । यहाँबाट विभिन्न मुलुकका साथै आन्तरिक पर्यटकहरु च्छो रोल्पा ताल, दूधकुण्ड तथा ना तीर्थ पनि जाने गरेका छन् । प्रथम सगरमाथा आरोही स्वर्गीय एडमन्ड हिलारीले यहाँ स्कुल बनाइदिएका थिए । बेदिङमा बिजुली पुगे पनि हालसम्म इन्टरनेटको सुविधा पुग्न सकेको छैन । बेदिङस्थित स्वास्थ्य चौकीमा हालै सरकारी नर्सको दरबन्दीको व्यवस्था गरिएको जानकारी आरोही फुर्वातेन्जिङ शेर्पाले दिनुभयो।

**कीर्तिमान नै कीर्तिमान**

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि बाटो बनाउने ‘रोप फिक्सिङ’ टोलीमा बेदिङकै छिरिङपेम्बा शेर्पा पनि हुनुहुन्थ्यो । यसपालि सगरमाथामा सबैभन्दा पहिलो सफल आरोहण छिरिङपेम्बा शेर्पाले नै गर्नुभएको थियो।

सगरमाथाका पाका आरोही ङवाङयोन्देन शेर्पा पनि बेदिङवासी नै हुनुहुन्छ । प्रथम पटक हिउँदयाममा सगरमाथा आरोहणको कीर्तिमान उहाँको नाममा छ । त्यतिखेर उहाँ जापानी पर्वतारोही टोलीका साथ सगरमाथा जानुभएको थियो । ७३ वर्ष पुग्नुभएका शेर्पा हाल काठमाडौँमा बस्नुहुन्छ । बेदिङ निवासीहरुमध्ये हालसम्म सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्नेहरुमा पेमाछिरिङ शेर्पा हुनुहुन्छ । उहाँले २३ पटक सगरमाथा चढिसक्नुभएको छ । यसै गाउँकी आरोही दावायाङजुङ शेर्पा संसारका आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढ्न सफल पहिलो नेपाली महिला बन्नुभएको छ । उहाँ पहिलो महिला एसियन माउन्टेन गाइड पनि हुनुहुन्छ । बेदिङकै निमाग्याल्जेन शेर्पाले पनि आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढ्नु भएको थियो । बेदिङका आरोहीहरुमध्ये उहाँले सबैभन्दा पहिले ती १४ वटै हिमालको आरोहण गर्नुभएको थियो।

एउटै परिवारका सबैभन्दा धेरै सदस्यहरुले सगरमाथा आरोहण गर्न सफल भएको कीर्तिमानी पनि बेदिङसँग जोडिएको छ । बेदिङका स्व छिरिङनोर्बु शेर्पा र आमा किन्जुङ शेर्पाका आठजना सन्तानले सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको छ । एउटै आमाका छोराछोरीहरु पेम्बाग्याल्जेन, फुर्वाथुन्डु, पेम्बादोर्जे, दावाडिकी, निमा ग्याल्जेन, फुर्वातेन्जिङ, फुर्वाठिले र निमाल्हामु शेर्पाले सगरमाथा चढेर गिनिज बुक अफ वल्ड रेकर्डमा नाम दर्ता गराउनु भएको थियो । यसअघि सन् २०१८ मा सोही परिवारका चार दाजुभाइ, दिदीबहिनी पेम्बादोर्जे, फुर्वातेन्जिङ, दावाडिकी र फुर्वा ठिलेले एकै पटक सगरमाथा शिखरमा पुगेर पहिलोपटक दाजुभाइ तथा दिदीबहिनी एकसाथ सगरमाथाको शिखरमा पुगेको विश्व कीर्तिमान बनाउन सफल हुनुभएको थियो । सोही परिवारमा फुर्वातेन्जिङ शेर्पा यसपालिको वसन्त ऋतुमा १७औँ पटक सगरमाथाको आरोहण गर्नुभएको थियो।

**बेदिङको वीरता**

बेदिङ गाउँकै शेर्पाहरुमध्ये कीर्तिमान मिङ्गमा जी शेर्पाले राख्नुभएको विश्व कीर्तिमानको आफ्नै विशेषता रहेको छ । हिमालमा जति धेरै उचाइ माथि जाँदा अक्सिजन कम हुँदै जाने गर्दछ । यसैकारण आरोहीहरुले हिमाल जाँदा पूरक अक्सिजनको प्रयोग गर्ने गरेका छन् । तर मिङ्गमा जी फरक व्यक्तिका रुपमा प्रमाणित हुनुभयो । उहाँले संसारका आठ हजार मिटरभन्दा अग्ला सबै हिमालहरु पूरक अक्सिजनको प्रयोग बिना आरोहण गर्ने पहिलो नेपाली बन्ने सफलता प्राप्त गर्नुभयो । उहाँले सातै महादेशका उच्च हिमालहरु चढेर पर्वतारोहणका क्षेत्रमा नयाँ आयाम थप्नु भयो जुन त्यति सहज छैन । यसैगरी, हिउँदमा हिमाल चढ्नु ज्यादै कठिन मानिन्छ । उहाँले हिउँदमा पहिलोपटक अन्य नेपाली आरोहीहरुसँगै संसारकै दोस्रो अग्लो हिमाल केटु चढेर आफूलाई विश्व कीर्तिमानी आरोहीको पङ्क्तिमा उभ्याउनु भयो।

मिङ्गमा जीले आफ्नो बाजेबराजुकै बाटो पछ्याउँदै आइरहनुभएको छ । हिमाल चढ्ने क्रममा आठवटा औँला हिउँले खाएर पेसाबाटै वञ्चित हुनु परेका बाबु दोर्जी शेर्पाको प्रोत्साहनबाट उहाँ हिमाल चढ्न प्रेरित हुनुभएको थियो । ६४ वर्षको उमेरमा निधन हुनुभएका बुबाले आफूलाई हिमाल चढ्, हिमालले तिमीलाई पाल्छ भनी बरोबर भन्ने गर्नुभएको छोरा मिङ्गमा जी स्मरण गर्नुहुन्छ । हाल बेदिङमै रहनुभएकी आमा रिन्जिन डोमा शेर्पाले भने छोरालाई हिमाल चढ्ने काम गर्दै नगर भनेर सचेत गराउनु हुन्थ्यो।

सुरुमा खासै इच्छा नभएता पनि पर्वतारोहणलाई पछ्याएका बेदिङका शेर्पाहरुको गतिविधिबाट आकर्षित हुँदै एसएलसी परीक्षा उत्तीर्ण भएपछि मिङमा जी हिमालतर्फ जानुभएको थियो । पर्वतारोहणतर्फ लागेका दोर्जीका छोरीहरु निमाजाङमु शेर्पा, छिरिङनाम्गेल शेर्पा तथा दावाफुटी शेर्पा पनि आरोहीका रुपमा स्थापित हुनुभएको छ । मिङ्गमा जीले पहिलोपटक सन् २००६ मा जापानी आरोहीहरुका साथ मनास्लु हिमाल आरोहण टोलीमा संलग्न हुने अवसर पाउनु भएको थियो।

**छिटो छिटो आरोहण**

आरोही मिङ्गमा जी शेर्पाले अन्य तीन चिनियाँ आरोहीहरुसँगै हालै दक्षिण अमेरिकास्थित अकोन्कागुवा हिमाल आरोहण गरेर आफ्नो सातै महादेशका उच्च हिमाल चढ्ने अभियान टुङ्ग्याउनु भएको थियो । उहाँले विश्वको सगरमाथा छ पटक आरोहण गरिसक्नुभएको छ । उहाँले पछिल्लो पटक सन् २०२२ मा सगरमाथा आरोहण गर्नुभएको थियो । उहाँले सन् २०२४ को अवधिमा उत्तर अमेरिकाको माउण्ट डेनाली, अष्ट्रेलियामा पर्ने माउण्ट कास्टन पिरामिड, रसियामा रहेको माउण्ट एल्बरुस, अन्टार्टिकामा रहेको माउण्ट भिन्सन्, दक्षिण अफ्रिकाको तान्जानियामा रहेको माउण्ट किलिमान्जरो र अर्जेन्टिनामा रहेको माउण्ट अकोन्कागुवा हिमाल चढ्न भ्याउनुभएको थियो । गिनिज बुक अफ वल्ड रेकर्डसमा समेत नाम लेखाउन सफलता प्राप्त गर्नुभएका मिङ्गमा जीको कीर्तिमानले बेदिङ गाउँलाई मात्र नभई समस्त नेपालीलाई नै गौरवान्वित बनाएको धारणा पर्वतारोहीहरुले व्यक्त गरेका छन्।

मिङ्गमा जीले सन् २०२२ मा मनास्लु हिमालको आरोहण गरी १४ वटा हिमाल आरोहण गर्ने क्रम सुरु गर्नुभएको थियो । उहाँले गत सन् २०२३ को मेदेखि अक्टोबरसम्ममा सगरमाथा, ल्होत्से, पाकिस्तानको नांगापर्वत, गेसरब्रुम १, गेसरब्रुम २, ब्रोडपिक र केटु, धवलागिरी तथा चोयू गरी नौवटा हिमालको सफल आरोहण गर्नुभएको थियो । उहाँले सन् २०२४ मा अन्नपूर्ण, मकालु, कन्चनजङ्घा र चीनको तिब्बतमा पर्ने सिसापाङ्गमा चढेर १४ वटा हिमाल चढ्ने अभियान सम्पन्न गर्नुभएको थियो । उहाँले अर्जेन्टिनास्थित अकोन्कागुवा हिमाल चढेर सात महादेशका शिखर चढ्ने अभियान पनि टुङ्ग्याउनु भएको थियो । स्की गर्दै दक्षिणी ध्रुवमा पुग्नुभएका मिङ्गमा जीले कुशल स्की खेलाडीको परिचय पनि दिनुभएको छ । सन् २०२७ मा स्की गरेर उत्तरी ध्रुवमासमेत पुग्ने उहाँको लक्ष्य छ।

**अब्बल गाइड**

मिङ्गमा जी शेर्पाले हिमालमा गाइड गर्दै विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल तथा सातै महादेशका सात उच्च हिमाल चढ्न सफल हुनुभएको हो । उहाँले विश्वका कुनै पनि हिमालमा गाइड गर्न नेपाली माउण्टेन गाइड सक्षम भएको सन्देश दिन आफूले प्रयास गरेको बताउनुभयो । हिमालमा गाइड गर्ने काम अत्यन्त जटिल र जोखिमपूर्ण मानिन्छ । आरोहीलाई हिमालको शिखरसम्म पथप्रदर्शन गर्दै लगेर सकुशल आधार शिविरसम्म फिर्ता ल्याउनु उसको जिम्मेवारीभित्र पर्दछ । हाल नेपालका हिमालहरुमा नेपाली माउण्टेन गाइडहरुको वर्चस्व छ । अहिले विभिन्न मुलुकका हिमालमा गाइड गर्ने काममा केही नेपाली संलग्न हुँदै आइरहेका छन् । हाल अमेरिका, युरोपका साथै अन्टार्टिकामा समेत नेपाली माउण्टेन गाइडले काम गरिरहेका छन् । भविष्यमा अन्य नेपालीले पनि विदेशी कम्पनीका लागि गाइड गर्न सक्ने सम्भावनाको ढोका खुलेको उहाँको धारणा गरेको छ।

**केटु हिमालमा सयौँ थुङ्गा...**

मिङ्गगमा जीले सन् २०२१ को हिउँदयाममा केटु हिमालको सफल आरोहण गर्नुभएको थियो । पाकिस्तानमा पर्ने विश्वको दोस्रो अग्लो शिखर केटु चढ्न जाँदा साथमा दावातेन्जिङ शेर्पा र किलितेम्बा शेर्पा पनि हुनुहुन्थ्यो । आरोहणकै क्रममा कीर्तिमानी आरोही निर्मल पुर्जा र छाङदावा शेर्पा पनि भेटिनुभयो । बेग्लाबेग्लै समूहमा जानुभएका उहाँहरु हिमाल चढ्ने क्रममा भेटिएपछि शिखरभन्दा करिब १० मिटर तलदेखि एकै साथ नेपालको राष्ट्रिय गान गाउँदै उक्लिनुभएको थियो । सन् २०२१ को जनवरी १६ तारिखका दिन केटुको शिखरमा आरोहीहरुले ‘सयौँ थुङ्गा फूलका हामी...’ राष्ट्रिय गान गुन्जाउँदै आरोहण गरेको त्यो क्षण अत्यन्त ऐतिहासिक थियो । हिउँदयाममा केटु हिमालको शिखरमा पहिलो आरोहीका रुपमा नेपालीहरु पुगेपछि विश्व कीर्तिमान मानिएको थियो । त्यो आरोहणलाई बिबिसी लगायत विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरुले प्राथमिकताका साथ प्रसारण गरेका थिए।

**मनास्लुमा नयाँ रुट**

सन् २०२१ मा आरोही मिङ्गमा जीले नेतृत्व गरेको आरोहण टोलीले मनास्लु हिमालमा नयाँ रुट पत्ता लगाएको समाचार विश्वव्यापी भएको थियो । रोल्वालिङ डाइभर्सन नामकरण गरिएको उक्त नयाँ रुटलाई विश्वभरका आरोहीहरुले स्वागत गरेका थिए । मिङ्गमा जीले अन्तरराष्ट्रिय आरोही समुदायमा नेपाली आरोहीहरु पनि प्राविधिक रुपमा दक्ष भएको प्रमाणित गर्न आफूले चाहेको बताउनुभएको छ । उहाँको सबैभन्दा पहिलो आरोहण मनास्लु हिमाल नै थियो।

**पहिलो एकल आरोहण**

आरोही मिङ्गमा जीले सन् २०१५ को अक्टोबर २८ तारिखका दिन पहिलोपटक एक्लैले छ हजार ६८६ मिटर अग्लो चोबुजी हिमाल आरोहण गर्नुभएको थियो । त्यो हिमाल आरोहणका लागि निक्कै जोखिमसमेत व्यहोर्नु परेको थियो । खराब मौसमका कारण तेस्रो दिनमा मात्र सफलता मिलेको थियो । सन् २०१७ को अक्टोबर २ तारिखका दिन नाङ्गा पर्वत चढ्दै मिङ्गमा जीले पहिलोपटक शरद ऋतुमा आरोहण गरेको श्रेय प्राप्त गर्नुभयो । कैयौँ मुलुकका आरोहीहरुलाई कीर्तिमानी बनाउन सहयात्रीका रुपमा पनि मिङमा जीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहनु भएको छ । सामान्य रुपमा अरूको कम्पनीमा काम गर्न सुरु गर्नुभएका मिङ्गगमा जीले हाल आफ्नै कम्पनी स्थापना गरी कैयौँलाई रोजगार दिन सक्षम हुनुभएको छ।

**उद्धारको अभाव**

कीर्तिमानी आरोही मिङ्गमा जीले हिमाल आरोहणमा जाँदा धेरै पटक जोखिम व्यहोर्नु भएको छ । उहाँले कति आरोहीहरु दुर्घटनामा परेको देख्नुभएको छ । कतिपयको दुःखद निधनसमेत भएको देख्नुभएको छ । सन् २००३ मा सगरमाथामा एकजना जापानी आरोही बितेको क्षणको उहाँ अझै स्मरण गर्नुहुन्छ । एकपटक अन्नपूर्ण हिमाल आरोहणका बेला समयमै उद्धार नगरिएको भए ज्यानै जान सक्ने अवस्था भोगेको उहाँ बताउनुहुन्छ । सन् २०११ मा हिमालसम्बन्धी आधारभूत तालिम लिएपछि मात्र हालसम्म भाग्यले बाँचेको मिङ्गगमा जीलाई अनुभव भएको थियो।

हिमालमा जोखिमबाट निस्कन नसके मर्नुबाहेक विकल्प नभएकाले हिमाली क्षेत्रमा हेलिकप्टर सहितको उद्धार टोली सधैँ तयारी अवस्थामा राख्नु पर्ने मिङ्गमा जीको सरकारसँग सुझाव छ । युरोप, अमेरिकातिरका हिमालमा जोखिममा पर्दा बटन थिचेको भरमा उद्धारका लागि हेलिकप्टर आइपुग्ने गरेको तर नेपालमा पैसा तिरेपछि मात्र हेलिकप्टरबाट उद्धार हुन सक्ने अवस्थालाई पनि सम्बन्धित अधिकारीले गम्भीर रुपमा लिनुपर्ने देखिएको छ । विगतमा नेपालको हिमाली क्षेत्रमा झुटो उद्धारको मामिला पनि चर्चित भएको थियो।

नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक सङ्घका अध्यक्ष तुलसिंह गुरुङले हिमालमा जोखिमको परिमाण बढी भएकाले तत्काल उद्धारको व्यवस्था जरुरी भएको बताउनु हुन्छ।

**पलायनको समस्या**

विश्वमा हिमाल आरोहणको क्षेत्रमा नेपालको आफ्नै विशिष्ट पहिचान भए तापनि नेपाली आरोहीहरुलाई हालसम्म स्वदेशभित्रै उचित सम्मान दिन सकिएको छैन । जतिसुकै ठूला कीर्तिमान राखेका आरोहीलाई पनि विदेश जानु पर्दा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा लाइन नव्यहोरी सुखै छैन । सरकारी अस्पतालमा समेत सामान्य छुट दिन सरकारले सकेको छैन । हिमाल चढ्नका लागि आरोहण टोलीले तिर्ने गरेको हजारौँ डलर आरोहीहरुको हितमा खर्च गरिएको छैन । नेपाली कांग्रेसका सांसद जिपछिरिङ लामाले सरकारले उठाउने रोयल्टीको ५० प्रतिशत रकम आरोहीहरुका लागि खर्च गरिनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ । नेपालमा पर्यटन नीति लचिलो नभएकाले पनि पर्वतारोहण क्षेत्रका गतिविधि विस्तार हुन सकेका छैनन् । पर्वतारोहणलगायतका साहसिक पर्यटनसँग सम्बन्धित पेसामा संलग्न रहेकाहरुको विदेश पलायनको अवस्था बढ्दो छ।

यसबाट बेदिङ गाउँसमेत अछुतो छैन । मुलुककै कैयौँ कीर्तिमानी आरोहीसमेत उज्ज्वल भविष्यको खोजीमा विभिन्न मुलुकमा गइरहेको अवस्थामा सरकारले उनीहरुलाई स्वदेशमै बस्न सक्ने वातावरण बनाउन यथोचित कदम चाल्नु जरुरी देखिएको छ । हिमालमा गतिविधिहरु निरन्तर बढाउन सरकारले प्राथमिकता दिनुपर्दछ । आरोहणमा लागेकाहरुलाई जीविकोपार्जनको वैकल्पिक व्यवस्था पनि आवश्यक छ । कीर्तिमानीहरुलाई समाजका अन्य सम्मानित नागरिक सरह जीवन निर्वाह भत्ताको बन्दोबस्त हुन सके उनीहरुको उचित कदर हुने थियो । हिमाल आरोहण टोलीमा आरोहीहरुलाई ‘लियाजो अफिसर’का रुपमा पठाउने हालको सीमित व्यवस्थालाई पुनः विचार गरी धेरै जना लाभान्वित हुनसक्ने योजना ल्याइनु जरुरी देखिएको छ । जसले विदेश पलायनको हालको अवस्था केही हदसम्म कम गर्ने देखिएको छ । हालकै अवस्था आगामी दिन पनि जारी रहने हो भने भोलिका दिनमा नेपालका हिमालमा आरोहणका लागि आउने पर्वतारोहीहरुलाई लागि गाइड तथा अन्य सहयोगी विदेशबाटै आउन सक्ने अवस्थालाई नकार्न सकिँदैन ।

रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘सगरमाथा संवादका निष्कर्ष कार्यान्वयनमा अघि बढेका छौँ’




**काठमाडौँ ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले गत जेठमा काठमाडौँमा सम्पन्न सगरमाथा संवादका निष्कर्षलाई कार्यान्वयन गर्न सरकार कार्ययोजना बनाई अघि बढेको बताएका छन ।
सहास नेपाल, युथ एलान्स फर इन्भाइरोन्मेन्ट, क्रिडाकलगायत संस्थाले संयुक्त रुपमा मंगलवार आयोजना गरेको ‘पोष्ट सगरमाथा संवाद’को उद्घाटनमा उहाँले संवादको ‘२५ बुँदे सगरमाथा आह्वान’ कार्यान्वयन गर्न सबैसँग समन्वय गरी अघि बढेको जानकारी दिए ।
मन्त्री शाहीले भने, ‘नेपाल जलवायुबाट बढी प्रभावित मुलुक हो, त्यसमा पनि महिला, बालबालिका, आदिवासी÷जनजाति, दलित, लोपोन्मुख समुदाय बढी प्रभावित छन् । त्यस्ता समुदायको आवाज अझ मुखरित गर्न संवादमार्फत सफल भएका छौँ ।’
कार्यक्रममा राष्ट्रियसभाको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति (संयुक्त) का सभापति ठाकुरप्रसाद गैरेले संवादमार्फत नेपालले जलवायुले हिमालमा पारेको असर विश्वसामु ध्यानाकर्षण गराउन सफल भएको उल्लेख गरे । उनले जलवायुले हिमालदेखि समुद्रसम्म असर गरेको उल्लेख गर्दै जलवायुका नकारात्मक असरविरुद्ध लड्न संवादबाट उद्घोष हुनु नै ठूलो सन्देश भएको बताए ।कार्यक्रममा पूर्वसचिव मधुकुमार मरासिनीले प्रमुख मन्तव्य प्रस्तुत गर्दै हिमाल हाम्रो पहिचान र सभ्यता भएकाले यसको संरक्षणमा लाग्नु सबैको कर्तत्व भएको बताए । सहास नेपालका कार्यकारी निर्देशक डा सुरेन्द्रकुमार श्रेष्ठले सगरमाथा संवादका निष्कर्षलाई नीतिमा आबद्ध गर्न र साझा धारणा बनाउन कार्यक्रम गरिएको बताए ।रासस

# कृषि विद्येयक र राष्ट्रिय कृषि नीतिको सरोकारवाला बीच छलफल कार्यक्रम सम्पन्न



**काठमाडौं ।**
कृषिसँग सम्बन्धित सरोकारवालाहरुले कृषि विद्येयकमा कृषक मैत्री नीति आउनुपर्नेमा जोड दिएका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघको सभा हलमा कृषि उद्यम केन्द्रको आयोजनामा प्रस्तावित कृषि विद्येयक र राष्ट्रिय कृषि नीति बारेमा सरोकारवाला बीचको छलफलमा उनिहरुले कृषिमैत्री नीतिमा जोड दिएका हुन् ।
कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघका उपाध्यक्ष हेमराज ढकालले बजेटमा कृषिको बारे अझै सम्बोधन हुन नसकेकोले नेपालको कृषि विकास गर्ने हो भने अब जारी हुने कृषि विद्येयकमा कृषक मैत्री नीति आउने विश्वास व्यक्त गरे ।
उनले विगतमा नेउवामहासंघले कृषि विधेयकको आवश्यकतालाई महसुस गरि बहस पैरवी गरेको कारण कृषि विधेयक ल्याउन सरकार लागेको बताउँदै विद्येयकमा समावेश गर्ने राय, सुझाव संकलन गर्ने कार्यमा कृषि उद्यम केन्द्रले गरेको कार्यको प्रशंसा गरे । उनले प्रस्तावित विद्येयक र नीतिमा अझै समावेश गर्न छुटेको बुदांहरु उपलब्ध गराउन, बन,कृषि र भूमिसुधारमा अझै पनि धेरै समस्या रहनका साथै अन्तरमन्त्रालयको बीचमा समन्वय हुन नसक्दा उत्पादनमा कमी र युवाहरु कामको लागि देश छोडनुपर्ने वाध्यतालाई कम गर्न देशमै रोजगारी सृजना गर्न आवश्यक रहेको बताए । उनले कृषिको व्यवसायीकरण गरि आयातलाई प्रतिस्थापन गर्ने कार्य तर्फ व्यवसायी लाग्ने भएकोले महासंघले उपलब्ध गराउने राय, सुझावहरुलाई समावेश गर्न सरकारलाई अनुरोध गर्ने प्रतिवद्धता जनाए ।
त्यसैगरि कार्यक्रममा बोल्दै कृषि उद्यम केन्द्रका सभापति डिवि बस्नेतले विगतमा मन्त्रालयलाई उपलब्ध गराईएको सुझाव केहि हद सम्म सम्बोधन भएको भन्दै अझै आएका माग र प्राप्त सुझावहरुलाई एकिकृत गरि मन्त्रालयमा पठाइने भएकाले वस्तुगत संघबाट सुझाव प्राप्त गर्ने बताए । उनले कृषि उद्यम केन्द्र व्यवसायीहरुको हक हितमा सदा तत्पर रहेकोले सरकारलाई दिने सुझावहरु केन्द्र मार्फत गएको खण्डमा कृषि विद्येयकमा परेको बुदांहरुबाट प्रमाणीत भएकोले, अव पठाइने सुझावहरु केन्द्रमा उपलव्ध भएमा एकिकृत गरि मन्त्रालयमा पठाइने जानकारी गराए ।
छलफलमा नेपाल डेरी एशोसिएसन, रुद्राक्ष व्यवसायी संघ, नेपाल व्यवसायी संघ, नेपाल चामल, दाल उत्पादक संघ, नेपाल कफी व्यवसायी महासंघ, फ्लोरिकल्चर एशोसिएसन नेपाल, नेपाल कोदो तथा फापर संघ, नेपाल सुन्तला तथा कागती संघ, नेपाल कृषि मेशिनरी व्यवसायी संघ, नेपाल हव्स तथा हर्वल उत्पादक संघ, नेपाल अदुवा उत्पादक तथा व्यवसायी संघ, नेपाल कुचो संघ, भक्तपुर उद्योग वाणिज्य संघ, नेपाल अलैची व्यवसायी महासंघ, निर्यात व्यवसायी महासंघ नेपाल, मुना कृषि, इन्देणी मसरुम फार्म बलम्बुले प्रस्तावित कृषि विद्येयक र राष्ट्रिय कृषि नीतिमा अझै संशोधनको आवश्यक रहेकाले धारणा राख्दै कृषि उद्यम केन्द्र, नेउवामहासंघबाट यसलाई अध्ययन गरि प्राप्त सुझावलाई एकिकृत गरि मन्त्रालयमा पुनः पेश गर्न अनुरोध गरेका थिए ।
कृषि उद्यम केन्द्रले विगतमा प्राप्त सुझावलाई एकिकृत गरि मन्त्रालयमा उपलव्ध गराइएकोमा यस लाई अध्ययन गरि पठाइने बताएको छ ।

# ‘दिगो आर्थिक रुपान्तरण आजको आवश्यकता’




**बागलुङ ।**
पूर्वअर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले दिगो आर्थिक रुपान्तरणका लागि योजनाबद्ध ढङ्गले काम गर्न आवश्यक रहेको बताएका छन ।
वितरणमुखी बजेटले राज्यको समृद्धि नआउने भएकाले दीर्घकालीन रुपमा आम्दानी बढाउने क्षेत्रमा राज्यले लगानी गर्न आवश्यक रहेको उनले बताए । नेपाल प्रेस युनियन बागलुङले मंगलवार आयोजना गरेको पत्रकार सम्मेलनमा नेता महतले संसद् अकारणमा अवरुद्ध गर्ने परिपाटीको अन्त्य गर्न आवश्यक रहेकोमा जोड दिए ।बजेटमाथि छलफल गर्दा पछि कार्यान्वयनमा सहज हुने उनको भनाइ छ ।
लोकप्रियताका लागि ल्याइएका योजना असफल बन्दा जनतामा निराशा छाउने भएकाले योजनाको दिगोपनामा ध्यान दिन आवश्यक रहेको उनले बताए । आर्थिक रुपान्तरणका लागि कालीगण्डकी करिडोर तथा मध्यपहाडी लोकमार्गले ठूलो टेवा पु¥याउने उहाँले उल्लेख गरे ।
उनले आगामी मङ्सिरमा पार्टीको महाधिवेशन सम्भव नदेखिएको बताए । भिजिट भिसा प्रकरणमा कर्मचारी मुछिँदा गृहमन्त्रीले राजीनामा दिन नपर्ने उनको जिकिर छ । रासस

# निजी जमिनलाई ‘मध्यवर्ती क्षेत्र’घोषणा गरिएकोमा सांसदहरुको आपत्ति



**काठमाडौं ।**
प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको मंगलबार सिंहदरबारमा बसेको बैठकले नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ सम्बन्धमा संशोधन प्रस्तावकर्तासँग छलफल गरेको छ ।
बैठकमा कानुन व्यवसायीहरूको अनुशासन, जिम्मेवारी र मिलापत्रसम्बन्धी विषयमा उठेका प्रश्नहरूबारे विशेष छलफल भएको छ ।
कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले कानुन व्यवसायीहरूले उठाएका विषयहरू गम्भीर र जिम्मेवार रहेको बताउँदै यस्ता विषयमा निरन्तर छलफल आवश्यक रहेको धारणा राखे ।
मन्त्री चौरसियाले भने, ‘कुनै कानुन व्यवसायीले अनुशासनको कुरा उठाउनु भएको छ । जिम्मेवारीपूर्ण कुराहरू उठाउनु भएको छ । मिलापत्रको सम्बन्धमा पनि केही कुरा उठेका छन् । यसमा हामीले छलफल गर्दै जानुपर्छ ।’
बैठकमा नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौंलाले मध्यवर्ती क्षेत्रसँग सम्बन्धित विषयमा सांसदहरूको गहिरो चासो रहेको उल्लेख गर्दै नीजि जमिनलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको विषयमा आपत्ति जनाए ।
उनले भने, ‘मध्यवर्ती क्षेत्रमा निजी जमिनलाई समेत समेटेर घोषणा गरिएको छ, जसले गर्दा त्यो जमिनको मूल्यांकनमा समस्या छ । बैंकमा राख्दा पनि राम्रो मूल्य आउँदैन । त्यसैले यसको अनुगमन आवश्यक छ । तर यो विषय समितिमा बहसको रुपमा होइन, स्थलगत अनुगमन र योजनाको कार्यान्वयनका रूपमा अघि बढाइनुपर्छ ।’
बैठकले नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयकसँगै मध्यवर्ती क्षेत्रको विषयमा छलफल गरेको थियो ।

# प्रधानमन्त्रीलाई सुनचाँदी व्यवसायीको ध्यानाकर्षण



**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीलाई सुनचाँदी व्यवसायसँग सम्बन्धित सङ्घ–संस्थाका नेतृत्वले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सुनचाँदी कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउने व्यवस्थाप्रति ध्यानाकर्षण गराएका छन् ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको भेटमा नेपाल सुनचाँदी रत्न तथा आभुषण महासङ्घका अध्यक्ष किसान सुनार, नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष अर्जुन रसाइली र नेपाल रत्न तथा आभुषण सङ्घका अध्यक्ष सुमनमान ताम्राकारसहितको टोलीले उक्त करको व्यवस्था लागु गर्दा आफूहरुको व्यवसाय धरासयी हुने भएकाले पुनः विचार गर्न माग गरेको हो ।
ती संस्थाहरुले कर र भन्सारका दर छिमेकी भारतको भन्दा बढी हुँदा नेपाली व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उक्त व्यवस्था कायम रहेमा आफूहरु आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएका थिए ।
प्रधानमन्त्री ओलीले संवादबाट समस्याको समाधान खोज्न आफूले सम्बन्धित मन्त्रालयसँग बुझ्ने र मिल्नेसम्मका माग पूरा गर्न लागिपर्ने विश्वास दिलाउँदै आन्दोलनको बाटोमा नलाग्न आग्रह गरे ।

# ‘भिजिट भिसा’ अहिलेको मात्र समस्या होइनः अध्यक्ष दाहाल




**चितवन ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले ‘भिजिट भिसा’ अहिलेको मात्र समस्या नभएको बताएका छन ।
प्रेस सेन्टर चितवनले मंगलवार दाहाल निवास शिवनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भिजिट भिसा समस्या २०६४ सालदेखि भएको बताएका हुन । दाहालले भने, ‘यो २०६४ सालदेखि चल्दै आएको छ भन्ने कुरो तपाईंहरुले पनि थाहा पाउनुभएको छ र हामीले पनि थाहा पाएकै छौँ ।’ यस विषयमा छानबिन र नीतिगत सुधार गर्नुपर्ने उनको भनाइ छ ।
यो मुद्दालाई त्यत्तिकै नछाड्ने उनले बताए । यसका लागि जरुरी परे संविधान संशोधन, ऐन निर्माण र नीतिगत निर्णय गर्नु परे पनि गरिने उनको धारणा छ । उनले भने, ‘मैले छोडेर पनि यो मुद्दा नेपाली जनताले छाड्ने कुरा हुँदैन ।’
प्रचण्डले आफूहरु प्रतिपक्षमा भए पनि सत्ता पक्षको जस्तो भूमिका निर्वाह गर्दै आएको बताए । उनले भने, ‘हामीले संविधानका निम्ति, ऐन कानुनका निम्ति, सिस्टमका निम्ति सत्तापक्षको भूमिका खेल्नुपर्ने बाध्यता छ ।’
अध्यक्ष प्रचण्डले बजेट पारित गर्नुपर्ने, सङ्घीय निजामती सेवा ऐन र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नुपर्ने लगायतका जिम्मेवारीबोधका साथ ३० दिनभित्र छानबिन समिति बनाउने सर्तमा संसद्को अवरोध खुलाउन सहमति गरिएको स्पष्ट पारे । रासस

# कांग्रेसको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बुधबार बस्ने

**काठमाडौं ।**
नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बुधबार, बस्ने भएको छ । पार्टीको केन्द्रीय कार्यालयमा बिहान ८:३० बजे बीपी स्मृति भवन, बीपी नगर, ललितपुरमा बस्न लागेको हो ।पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी सूचनामा बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य तथा आमन्त्रित सदस्यहरूको उपस्थितिका लागि अनुरोध गरिएको छ ।
बैठकको एजेन्डाबारे भने औपचारिक जानकारी दिइएको छैन् । यद्यपि, पछिल्लो समयको राजनीतिक परिवेशलाई ध्यानमा राख्दै बैठकमा समसामयिक विषयवस्तुहरूमा महत्वपूर्ण छलफल हुने अपेक्षा गरिएको छ ।

# रास्वपा सांसदहरुको प्रश्न : निलो रिबन लगाएर आउँदा हामी कसरी असभ्य ?

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले गृहमन्त्री रमेश लेखकले सदनमा एकजना प्रतिपक्ष उभिंदा पनि विरोध मानिने छ भनेर धारणा राखुभएको भएपनि व्यवहारमा लागु नभएको बताएका छन् ।
मंगलबार संघीय संसद भवन बाहिर बोल्दै उनले वर्तमान गृहमन्त्री रमेश लेखकले सदनमा गत वर्ष उभिएर एकजना प्रतिपक्ष उभिंदा पनि विरोध हुन्छ भन्ने अभिव्यक्ति दिनुभएको थियो तर आफूमा लागू गर्नुभएन, त्यसो हो भने मानव बेचबिखनको मुद्दा नै होइन भन्न सक्नुपर्ने धारणा राखे ।
उनले भने, ‘नागरिकता विधेयक, निजामती विधेयक समयको आवश्यकता हो । त्यो आउनुपर्छ । विधेयक कति आवश्यक छ भन्ने कुरा म बुझ्छु । त्यसमा कुनैपनि राजनीतिक रुपमा अवरोध सिर्जना गर्ने, त्यसलाई रोक्ने उद्देश्य छैन् । विधेयक ल्याएको कुरामा कुनै नकारात्मक टिप्पणी पनि छैन् । तर अहिले प्राथमिकताको विषय भनेको विधेयक ल्याउने गृहमन्त्रीले सदनमा गत वर्ष उभिएर भन्नु भएको होइन कि एकजना प्रतिपक्ष उभिदा पनि विरोध मानिने छ भनेर ? कि यो कुरा उहाँको पक्षमा मात्र लागू हुन्छ ? अरुका लागि लागू हुदैंन् थियो भन्नु पर्यो नि । त्यसो हो भने उहाँहरुका लागि मानव बेचबिखनको मुद्दा नै होइन भनेर भन्नुपर्यो ।’
त्यसैगरि, रास्वपाकी सांसद तोषिमा कार्कीले बैठक सञ्चालन गर्नको लागि संसदले आफ्नो मर्यादा कायम राख्नुपर्छ भनेर आफूहरु मर्यादित तरिकाले संसदमा उपस्थित भएको बताइन् ।
‘हामीले सभ्य तरिकाले उपस्थित भएर बैठक सही तरिकाले सञ्चालन भएको छैन् । यस्तो काम कारबाही गर्नु हुदैँन् । बैठक सञ्चालन गर्नको लागि संसदले आफ्नो मर्यादा कायम राख्नुपर्छ भनेर आन्दोलनकारी मर्यादित तरिकाले संसदमा उपस्थित हुँदैगर्दा गलत रुपमा बुझियो । निलो रिबन लगाएर आउँदैगर्दा केही मान्यहरुले आपत्ति जनाउनुभयो । यो सभ्य भएन भनेर हामीलाई भनि दिनुपर्यो । निलो रिबन लगाएर आउँदा हामी कहा असभ्य भयौं ?’ उनको प्रश्न थियो ।

# काठमाडौँ नजिकको साहसिक गन्तव्य ‘वनजङ्गल एडभेञ्चर’



**काठमाडौँ ।**
काठमाडौँ उपत्यका नजिकै पर्ने तारकेश्वर नगरपालिका–३ स्थित योग गन्तव्यको साहसिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको छ । यहाँ ‘वनजङ्गल एडभेञ्चर’ स्थापना भएसँगै साहसिक पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको हो ।

पर्यटनमा पछिल्लो साहसिक पर्यटनमा रूचि राख्नेको आगमन बढ्दै गएको छ । यहाँ जिपलाइन, रकक्लाइमिङ र बञ्जीजम्प गर्न उपत्यका बाहिरका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक पुग्न थालेका हुन् । योसँगै काठमाडौँमा बसोबास गरिरहेकाले साहसिक पर्यटनका लागि टाढाटाढा जानुपर्ने बाध्यता अन्त्य भएको छ ।

काठमाडौँकै रिङरोडभित्र बसोबास गर्नेका लागि साहसिक गन्तव्य काठमाडौँ रिङरोड बाइपासबाट १० किलोमिटरभित्र ककनी राजमार्गमा पर्ने पाँचमानेस्थित ‘वनजङ्गल एडभेञ्चर’ बनेको छ । यहाँ पुगेपछि प्रकृतिको आनन्द र हरियाली वातावरणमा स्वच्छ हावा पनि लिन सक्नेछन् ।

आठ महिनादेखि काठमाडौँभित्र रहेका र साहसिक पर्यटनमा रूचि राख्ने आन्तरिक तथा बाह्य पर्यटकलाई प्रकृतिसँगै नजिक राखेर सेवा दिँदै आइएको वनजङ्गल एडभेञ्चरका सञ्चालक एलिसा ढकालले बताए । उनले काठमाडौँमा बसोबास गरिरहेकालाई प्रकृति र साहसिक पर्यटनप्रति रूचि बढाउन एडभेञ्चर सञ्चालन गरिएको धारणा राखे ।

हिजोआज साहसिक पर्यटनको ‘प्याकेज’ बनाएर आउनेको सङ्ख्या बढिरहेको भन्दै उनले एडभेञ्चरले काठमाडौँभित्रका पर्यटकलाई लक्षित गरेर यो व्यवसाय सञ्चालन गरिरहेको बताए ।

काठमाडौँका मानिस यहाँ आउँदा समयको बचत र जङ्गलभित्र सबै एडभेञ्चरको फरक महसुस गर्न पाउने भएकाले सेवाग्राहीको सङ्ख्या बढ्दै गइरहेको ढकालले बताए । उनका अनुसार ३० रोपनीमा फैलिएको वनजङ्गलमा सेवाग्राहीले जिपलाइन, रोलर कोस्टर, क्लाइमिङ वाल, अब्स्टयाक्ल कोर्ष, हाइरोप कोर्ष, किड्स एडभेञ्चर्स कोर्ष जिपलाइन ट्रिपटप एडभेञ्चर र जाइन्ट स्वीङको अनुभव लिन पाउनेछन् ।

साहसिक पर्यटनका लागि नेपालमा पहिलोपटक रोलर कोस्टरको अनुभव लिन पाउने सञ्चालक ढकालले जानकारी दिए । फलाममा चक्का राखी बाँधेर छोड्ने गरिन्छ । पर्यटकले एक मिनेटसम्म फलामको डण्डामा घुमेर मनोरञ्जन लिन सक्नेछन् ।

पर्यटकले टेन्ट र मौलिक नेपाली घरमा बसेर फरक अनुभूति गर्न सक्छन् । एडभेञ्चरमा ११ टेन्ट र एक मौलिक घर रहेको छ ।

मौलिकताको जगेर्ना गर्दै वनजङ्गल एडभेञ्चरले मौलिक घरमा ढिकी, जाँतो, हलो तथा कृषकले प्रयोग गर्ने सामग्री देख्न पाइन्छ । शुक्रबार र शनिबार आन्तरिक पर्यटकको भीडभाड हुने गर्दछ । भारतीय अक्सो कन्सल्टेन्सीले एक वर्षको अवधिमा पूर्वाधार निर्माण गरेको र सबै पूर्वाधार पूर्ण रुपमा इञ्जिनिरियङ गरेर बनाइएको सञ्चालक ढकालले बताए ।

‘वनजङ्गल एडभेञ्चरको विशेषता भनेको साहसिक पर्यटन हो । यहाँ भएका अधिकांश खेल खेलाउन पर्यटन विभागबाट अनुमति लिएका छौँ’, उनले भने, ‘साहसिक खेलमा सहभागी प्रत्येक खेलाडीको बिमा गरिएको छ ।’ जङ्गलको बीचमा कूल छ करोड रुपैयाँ लागतमा आफ्नै जग्गामा पर्यटकीय पूर्वाधार निर्माण गरिएको ढकालले जानकारी दिए । रासस

# चैते धानको उचित मूल्यका लागि पहल गरिने

**काठमाडौँ ।**
किसानले चैते धानको उचित मूल्य नपाएको गुनासो गरेपछि कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीबीच सोमबार वाणिज्य मन्त्रालयमा छलफल भएको छ ।

छलफलमा दुवै मन्त्रालयका सचिव, खाद्यव्यवस्था तथा व्यापार कम्पनीका प्रमुख कार्यकारी अधिकृतलगायतको सहभागिता थियो ।

चैते धानको हालको अवस्था, किसानले उचित मूल्य नपाउनुका कारण, भारतबाट चामल आयातको अवस्था, खाद्यव्यवस्था तथा व्यापार कम्पनीमा धान, चामलको मौज्दात अवस्था, खाद्यले किसानको चैते धान खरिद गर्नसक्ने अवस्था, भण्डारण क्षमतालगायत विषयमा छलफल भएको कृषिमन्त्रीका प्रेस सल्लाहकार प्रवीण पोखरेलले जानकारी दिए ।

हाल खाद्यव्यवस्था तथा व्यापार कम्पनीसँग पर्याप्त भण्डारण क्षमता नभएकाले यसका लागि पहल गर्ने, चामल, चिउरा र भुजिया निर्यात गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने, खाद्यमार्फत धान खरिद गर्न अर्थ मन्त्रालयसँग बजेटलगायत विषयमा पहल गर्ने निर्णय भएको उनले बताए ।

बैठकमा कृषिमन्त्री अधिकारीले जसरी र जुन व्यवस्था गरेर हुन्छ किसानले चैते धानको उचित मूल्य पाउन सम्बन्धित निकायको पहल आवश्यक रहेकामा जोड दिए । उद्योगमन्त्री भण्डारीले कृषि, उद्योग, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसमेत बसेर समस्याको समाधान र यस विषयमा आगामी रणनीति तय गर्नुपर्ने बताए ।

बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्मा, वाणिज्य तथा आपूर्ति सचिव डा रामप्रसाद घिमिरे र खाद्यव्यवस्था तथा व्यापार कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले हालको अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

सरकारले चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार आठ सय ६९ पैसा तोके पनि झापासहित पूर्व र पश्चिमका जिल्लामा किसानले १५ देखि एक हजार ६०० रुपैयाँमा बिक्री गर्नुपर्ने अवस्था आएको बताएका छन् ।

हाल डेढ लाख मेट्रिकटनको हाराहारीमा किसानसँग चैते धान बिक्रीका लागि रहेको अनुमान गरिएको छ । पछिल्लो समय भारतबाट मात्र करिब ३१ अर्ब रुपैयाँको चामल आयात भएको जनाइएको छ । रासस

# तेहरान खाली गर्न ट्रम्पको धम्की पछि इरानीहरू तेहरान छाडन थाले

**काठमाडौं ।**
जी ७ शिखर सम्मेलनमा भाग लिन क्यानडा जानु अघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई धम्काएका छन्।

उनको नयाँ धम्की पछि इरानमा हलचल मच्चिएको छ, धेरैजसो इरानको राजधानी तेहरान छाडेर हिडिरहेको देख्न सकिन्छ।

इजरायल र इरानले एकअर्का माथि निरन्तर हमला गर्ने क्रममा ट्रम्पले पोस्टमा लेखेका छन्, ‘मैले उनीहरूलाई हस्ताक्षर गर्न भनेको सम्झौतामा इरानले हस्ताक्षर गर्नुपर्थ्यो। यो कस्तो लाजमर्दो र मानव जीवनको बर्बादी हो। सरल भाषामा भन्नुपर्दा, इरानसँग आणविक हतियार हुन सक्दैन। मैले यो बारम्बार भनेको छु, सबैले तुरुन्तै तेहरान खाली गर्नुपर्छ ।’ ट्रम्पले यसअघि पनि इरानसँग आणविक हतियार हुन नहुने भन्दै धेरै पटक भनेका छन् । तर यस पटक उनले मानिसहरूलाई तेहरान खाली गर्न भनेका छन्, जसको अर्थ तेहरानमा ठूलो आक्रमणको योजना बनाइएको हुन सक्छ। इजरायलले पहिले नै तेहरानमा धेरै ठूला आक्रमणहरू गरिसकेको छ, जसमा सैन्य आधार शिविरहरू र नागरिक भवनलाई निशाना बनाइरहेको छ ।

उता, इजरायलको निरन्तर आक्रमणपछि मानिसहरू तेहरान छोडेर अन्य सहरमा जान थालेकाले आइतबार सडकमा जामको अवस्था सिर्जना भएको थियो । ट्रम्पको भनाइपछि यो आप्रवासन बढेको छ।

सीबीएस रिपोर्टका अनुसार अमेरिकी अधिकारीहरूले इरानमा इजरायली हमलामा आफूहरू संलग्न नहुने बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रिय सुरक्षा परिषद्लाई बैठक बोलाउन निर्देशन दिए पनि वाशिङटनले आक्रमणमा सामेल हुनेछन् भन्ने होइन। इजरायलले गत हप्ता इरानमा आक्रमण गरे पछि पनि राष्ट्रिय सुरक्षा परिषद्का सदस्यहरू सधैं तयार रहेको पनि उनले बताए।

इजरायलले गत शुक्रबार अर्थात जुन १३ मा इरानको आणविक स्थल र सैन्य अखडामा हमला गरे पछि दुई देशले एकअर्कालाई आक्रमण गर्दै आएका छन् । पाँचौँ दिनमा प्रवेश गरेको यो लडाइमा करिब ३० इरानी सैन्य अधिकारी र वैज्ञानिकसहित २३० जनाको मृत्यु भएको छ भने १२ सयभन्दा बढी घाइते भएका छन् ।

उता, इजरायलमा २४ जनाको मृत्यु भएको छ भने करिब २५० जना घाइते भएको जनाइएको छ। एजेन्सी

# आयआर्जनका लागि ‘होमस्टे’मा जोडिँदै महिला



**पाल्पा ।**
पछिल्लो समय यहाँका महिला आयआर्जन गर्न घरबास ‘होमस्टे’मा जोडिँदै जान थालेका छन् । विगतमा घरको काम र घाँसपातमा व्यस्त हुने महिला घरबासबाट मनग्य आम्दानी हुन थालेपछि यसतर्फ जोडिन थालेका हुन् ।

जिल्लाका विभिन्न ठाउँमा घरबासबाट महिलाले आम्दानी गर्न थालेपछि तिनाउ गाउँपालिकाभित्रका महिला पनि यसतर्फ आकर्षित भएका छन् । यहाँका केही महिलाले घरबास सञ्चालन गरिसकेका छन् भने केहीले सञ्चालन गर्न आवश्यक ज्ञान, सीप सिक्न तम्सिएका छन् ।

बेफुर्सदिला हुन थालेका अधिकांश महिला घरबासमार्फत आर्यआर्जनमा जोडिन थालेका गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । उनले भने ‘महिला स्वतःस्फूर्त रूपमा आयआर्जनमा जोडिन थाल्नुभएको छ । घरबास र पयर्टन व्यवसायीबाट प्रशस्त आम्दानी गर्न सकिने भएपछि उहाँहरू यसतर्फ आकर्षित हुँदै जानुभएको हो ।’

जन्तीलुङकी माया सारु हिजोआज गाउँमा खोलिएको घरबासमा व्यस्त छिन । ‘घरबासबाट हुने आयआर्जनले छोराछोरीलाई विद्यालय पढाउने, घर व्यवहार चलाउनेलगायत खर्च जुटाउन सजिलो भएको छ’, उनले भनिन ।

**घरबासमा लाग्न तालिम**

महिला घरबासतर्फ आकर्षण बढ्न थालेपछि गाउँपालिकाले महिलालाई ज्ञान, सीप प्रदान गर्न तालिम दिँदै आएको छ । महिलालाई थप उत्साह, ज्ञान सीप प्रदान गर्न पाल्पा विकास केन्द्र, सामाजिक विकास डिभिजन कार्यालयको आर्थिक सहयोगमा गाउँपालिकाले तालिम दिएको हो ।

यहाँका छवटै वडामा घरबासमार्फत आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने, गाउँगाउँमा आर्यआर्जन बढाउने, महिलाको उद्यमशीलता बढाउने र महिलालाई आर्थिक रूपमा बलियो बनाउन तालिम दिइएको पालिका अध्यक्ष श्रेष्ठले बताए । गाउँपालिकालाई पर्यटन तथा कृषिका माध्यमबाट समृद्ध बनाउने, महिलाको आयआर्जन बढाउने काममा समुदायस्तरमा जस्तोसुकै सहयोग गर्न पालिका तयार रहेको उनको भनाइ छ ।

स्वरोजगार बनी आयआर्जनमा जोडिन तिनाउवासीलाई समस्या नरहेको पालिकाका उपाध्यक्ष लालबहादुर थापाले बताए । उनले भनिन, ‘मेहनत गर्नुस् घरमै बसीबसी महिनाको ४०–५० हजार रुपैयाँ सजिलै कमाउन सकिन्छ । पालिकाले वातावरण तथा पूर्वाधार, तालिम उपलब्ध, कलासंस्कृति संरक्षणलगायत क्षेत्रमा समुदायलाई आवश्यक सहयोग गर्नेछ ।’

तिनाउ–६ मस्याम, वडा नं. ५ मरामकोट, वडा नं. ४ को सत्यवती क्षेत्रमा घारबास व्यावसायको सुरुआत भएको छ भने वडा नं. १ कचल, वडा नं. २ दोभान, वडा नं. ३ झुम्साका विभिन्न भागमा सञ्चालनको तयारीमा महिला जुटेका छन् । यहाँ अहिले केही स्थानीयले घरबास कार्यक्रम सञ्चालन गरी पाहुनालाई राख्दै आएका छन् ।

जन्तीलुङ सामुदायिक घरबासमा प्रतिव्यक्ति रु एक हजार २०० मा स्वागत, साँझको खाजा, खाना, लोकल कुखुराको मासु, र बिहानको खाजाको व्यवस्था गरिएको छ । प्राकृतिक रूपमा सुन्दर ठाउँ जन्तीलुङ र मरामकोटबाट हिमालदेखि तराईसम्मका दृश्य अवलोकन गर्न सकिन्छ । आफ्नो कार्यकालमा मस्यामको जन्तीलुङमा सरु गरेको घरबास व्यवस्थित हुँदै गएको गाउँपालिकाका पूर्वअध्यक्ष ओमबहादुर घर्तीमगरले बताए ।रासस

# त्रिकोणात्मक टी–२०: पहिलो खेलमा नेपाल नेदरल्याण्ड्ससँग पराजय



**काठमाडौं ।**
स्कटल्यान्डमा जारी टी–२० अन्तरराष्ट्रिय त्रिकोणात्मक सिरिज अन्तरगतको नेपाल पहिलो खेलमा नेदरल्याण्ड्ससँग पराजित भएको छ । सोमबार नेदरल्याण्ड्ससँग पहिलो र दोस्रो सुपर ओभरमा बराबरी खेलेको नेपालले तेस्रो सुभर ओभरमा नेपालले रन बनाउन सकेन् । पहिलो सुपरमा ओभरमा दुवै टोलीले समान १९ र दोस्रो सुपर ओभरमा समान १७ रन बनाएका थिए ।

त्यसअघि नेदरल्यान्ड्सले दिएको १५३ रनको लक्ष्य पछ्याउने क्रममा नेपालले पनि सात विकेट गुमाएर १५२ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले ३४ बलमा ४८ रन बनाए । यस्तै, ओपनर कुशल भुर्तेलले ३४ रन बनाए । यही खेलबाट डेब्यू गरेका किरण ठगुन्नाले १५ रन बनाउँदा रुपेश सिंहले पनि १९ रनको योगदान दिए ।

करण केसी ८ रनमा आउट हुँदा लोकश वम शुन्य रनमा नै पेभेलियन फर्किए । यस्तै दीपेन्द्र सिंह ऐरीले ३, अनिल शाहले एक रन बनाए ।

नेदरल्याण्डका डेनियल डोरमले उत्कृष्ट बलिङ गरे । चार ओभर बलिङ गरेका उनले १४ रन दिएर महत्वपूर्ण तीन विकेट लिए । त्यसअघि स्कटल्यान्डको टिटउट रङ्गशालामा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १५२ रनको योगफल बनाएको हो ।

नेदरल्यान्ड्सका लागि तेजा निदामनुरुले सर्वाधिक ३५ रनको योगदान दिए । उनले ३७ बलमा एक छक्का प्रहार गर्दै ३५ रन बनाए । त्यसैगरी विक्रमजित सिंहले ३० रन बनाए । उनले २९ बलमा दुई छक्का प्रहार गरे । सकिब जुल्फिकरले २५, माइकल लेभिट २० तथा म्याक्स ओ डाउडले १९ रन जोडे ।

नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने नन्दन यादवले दुई तथा कुशल भुर्तेल र ललित राजवंशीले समान एक एक विकेट हात पारे । अलराउन्डर रुपेश सिंह र ब्याटर किरण ठगुन्नाले आज नेपाली राष्ट्रिय क्रिकेट टोलीबाट डेब्यु गरेका छन् ।

# गण्डकी प्रदेशस्तरीय क्रिकेटः स्याङ्जा फाइनलमा

**कास्की ।**
स्याङ्जा पोखरामा जारी तेस्रो संस्करणको गण्डकी प्रदेशस्तरीय पुरूष टि–२० क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमबार भएको समूह ‘ए’ को लिग चरणको खेलमा तनहुँलाई २९ रनले हराउँदै स्याङ्जा उपाधि नजिक पुगेको हो ।

कप्तान सन्दीप क्षेत्रीको उत्कृष्ट प्रदर्शनले स्याङ्जा समूह विजेता बनेको हो । स्याङ्जाले टस जितेर पारीको सुरूआत गर्दै तनहुँविरुद्ध निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ८८ रनको चुनौतीपूर्ण योगफल प्रस्तुत गरेको थियो । सन्दीपले उत्कृष्ट ब्याटिङ गर्दै ६६ बलमा छ चौका र आठ छक्का सहित ९९ रन बनाए । खेलमा जितका लागि १८९ रनको लक्ष्य पछ्याएको तनहुँ १९ ओभरको तेस्रो बलमा सम्पूर्ण विकेट गुमाउँदै १५९ रन मात्रै बनाउन सक्यो । तनहुँको बंश क्षेत्रीले छ चौका प्रहार गर्दै ४५ बलमा सर्वाधिक ५६ रन बनाए ।

यसैगरी सोमबार नै सम्पन्न बाग्लुङ र म्याग्दीबीचको खेलमा बागलुङले म्याग्दीलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा सान्त्वना जित हात पारेको छ ।

समूह ‘ए’को लिग चरणको अन्तिम खेलमा बाग्लुङ आफ्नो तीन खेलमा दुईमा हार र एकमा जित गरी दुई अङ्कका साथ समूहमा तेस्रो स्थानमा रहँदा म्याग्दी अङ्कविहीन बन्न पुग्यो ।

वर्षाका कारण घटाइएको १० ओभरको छोटो खेलमा म्याग्दीले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो । निर्धारित १० ओभरमा म्याग्दीले तीन विकेट गुमाउँदै ६४ रन मात्र बनायो ।

जवाफी ब्याटिङमा बागलुङले पाँच ओभरको तेस्रो बलमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा ग¥यो । बागलुङका लागि सन्दीप यादव २० रनमा अविजित रहे ।प्रादेशिक क्रिकेट सङ्घ गण्डकीको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवद्र्धनमा जारी प्रतियोगिताको लिग चरणअन्तर्गत भोली समूह ‘बी’ अन्तर्गतका खेलहरु सञ्चालन हुनेछन् ।

पहिलो खेल कास्की र पर्वत तथा दोस्रो खेल नवलपुर र गोरखाका बीच सञ्चालन हुने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । समूह ‘बी’को बिजेताले फाइनलमा स्याङ्जासँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिता कूल आठ टोलीको सहभागिता रहेको छ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ‘ए’ मा स्याङ्जा, बागलुङ, तनहुँ र म्याग्दी रहँदा समूह ‘बी’ मा कास्की, नवलपुर, पर्वत र गोरखा छन् ।

प्रतियोगिताको विजेता टिमले नगद रु एक लाख र ट्रफी, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु चार हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु दुई हजारसहित ट्रफी प्रदान गरिनेछ ।रासस

# द्वन्द्वकालमा घाइते परिवारको कथामा बन्यो चलचित्र 'सिटामोल'



**काठमाडौँ, ।**

द्वन्द्वकालमा घाइते भएका एक परिवारको कथामा आधारित रहेर तयार गरिएको चलचित्र 'सिटामोल' आगामी साउन २३ मा प्रदर्शन हुने भएको छ ।

चलचित्रमा समावेश गीत 'झुम्का कानैमा' सार्वजनिक गर्दै चलचित्रका निर्देशक राजबहादुर सानेले आफ्नो निर्देशन यात्रालाई फरक ढङ्गले परिभाषित गर्ने काम गरेको दाबी गरे ।

उनले भने, 'विगतमा मैले गरेको कामभन्दा यो निकै फरक छ । यसपटक मैले रोजेको कथा र त्यसमा लेखिएका चरित्रमा जीवन्त बनाउनुभएका कलाकारले गर्दा भिन्न रूपमा आएको छु । यो चलचित्रले माओवादी द्वन्द्वकालमा घाइते भएको एक व्यक्ति र उसको परिवारको कथालाई समेटेको छ ।'उनले यसलाई सिन्धुलीमा छायाङ्कन गर्नुभएको जानकारी दिनुभयो । अभिनेता सौगात मल्लले पनि चलचित्र जोडिनाका कारण विषय र युद्ध लडेको लडाकुको जीवनसँगको सङ्घर्ष रहेको बताए ।

'समाज र देश परिवर्तन गर्न युद्धमा होमिएको एउटा व्यक्तिले आफ्नो जीविकोपार्जनका लागि गर्नुपरेको सङ्घर्ष कम छैन । यो एउटा द्वन्द्वको प्रभाव परेको व्यक्ति र उसको परिवारको कथा हो । यसले हाम्रो सोचाइमा परिवर्तन ल्याउँछ जस्तो लाग्छ', अभिनेता मल्लले भने ।

चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री बेनिशा हमाल, श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मीलगायतका कलाकारले अभिनय गरेका छन । उक्त चलचित्रको कथा निर्देशक सुनुवारसँगै प्रदीप भारद्वाजले लेखका हुन ।रासस

# चिडियाखानामा सन्ध्याकालीन सेवा शुरु भएपछि बढे पर्यटक

**काठमाडौँ ।**

ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना अवलोकन गर्न आउनेको सङ्ख्या पछिल्ला दिनमा उल्लेख्य सङ्ख्यामा वृद्धि भएको छ ।

चिडियाखानाले गत वैशाख १ गतेदेखि साँझ ७ बजेसम्म प्रवेशको व्यवस्था सुरु गरेपछि अवलोकन गर्न आउनेको सङ्ख्या वृद्धि भएको हो । त्यसअघि बिहान १० देखि साँझ ५ बजेसम्म मात्र खुल्ने गरेकामा पछि सन्ध्याकालीन समय थप गरी साँझ ७ बजेसम्म अवलोकन गर्न सकिने व्यवस्था मिलाइएको चिडियाखाना व्यवस्थापनले जनाएको छ ।

नयाँ व्यवस्था लागू भएपछि २०८२ वैशाख १५ देखि जेठ १५ गतेसम्म ९९ हजार २१९ जनाले चिडियाखानको अवलोकन गरेका छन् । उक्त सेवा सुरु हुनुअघि २०८१ वैशाख १५ देखि जेठ १५ गतेसम्म भने जम्मा ८४ हजार ३३६ जनाले अवलोकन गरेको चिडियाखानाका प्रमुख सत्यनारायण साहले जानकारी दिए ।

यस अवधिको तुलना गर्दा १४ हजार ८८३ जना सेवाग्राही बढेको र त्यसबाट चिडियाखानालाई करिब रु २५ लाख बढी आम्दानी भएको उनले बताए । अवलोकनबाट उठ्ने शुल्कबाट नै चिडियाखानाले आफ्ना कर्मचारीलाई तलबभत्ता र त्यहाँ राखिएका जीवजन्तुलाई आहारा खुवाउनेलगायत व्यवस्थापनको काम गर्दै आएको छ ।

हाल चिडियाखाना व्यवस्थापनले नेपाली वयस्क नागरिकलाई २००रुपैयाँ , विद्यार्थीलाई १३५ रुपैयाँ, ज्येष्ठ नागरिकलाई १०० रुपैयाँ, बालबालिकालाई ७५रुपैयाँ, 'सार्क' मुलुकका नागरिकलाई ५०० रुपैयाँ र विदेशी नागरिकलाई एक हजार रुपैयाँ प्रवेश शुल्कको व्यवस्था गरेको छ । चिडियाखानामा हाल जम्मा ७० कर्मचारी रहेका र दैनिक औसतमा दुई हजार जनाले अवलोकन गर्ने गरेका छन् ।

यसैगरी, अवलोकनकर्ताको आकर्षणका लागि वन्यजन्तुको उचित व्यवस्थापनका साथै हरियाली प्रवद्र्धन र सरसफाइ बढाइएको छ ।

मिर्गौला फेल भएर रेडपान्डाको मृत्यु, बाघ व्यवस्थापनमा कठिनाइ

चिडियाखानामा रहेको एक मात्र दुर्लभ 'रेडपाण्डा' केही दिनअघि मरेको छ । उक्त रेडपान्डा गत जेठ ३१ गते मिर्गौला फेल भएर मरेको प्रमुख साहले बताउनुभयो । विसं २०७२ सालमा ल्याइएको रेडपान्डा अवलोकनकर्ताको मुख्य आकर्षक थियो । चिडियाखाना व्यवस्थापनले रेडपान्डा पाइने गौरीशङ्कर संरक्षण क्षेत्र, लाङ्टाङ राष्ट्रिय निकुञ्ज र इलाम क्षेत्रबाट एक जोडी रेडपान्डा चिडियाखानामा ल्याउनका लागि प्रक्रियाअघि बढाइसकेको जनाएको छ ।

त्यसैगरी, चिडियाखानामा एउटा मात्रै गैँडा रहेको अवस्थामा विश्व वातावरण दिवसका अवसर पारेर गत जेठ २२ गते चितवनबाट ल्याइएको एक जोडी गैँडा थप गरिएको छ । वन मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पहलमा ती गैँडा थप गरिएका हुन् । चिडियाखानामा हात्ती, बाघ, गैँडा, भालु, घडियाल गोही, चिम्पाञ्जी, हिप्पोपोटामसलगायत ठूला वन्यजन्तुदेखि दुर्लभ जीवजन्तु रहेका छन् ।

हाल चिडियाखानामा पाँचवटा वयस्क पाटेबाघ रहेका छन् । खोरको कमीले ती बाघको व्यवस्थापनमा कठिनाइ हुने गरेको छ ।

व्यवस्थापनले दुई जोडी बाघलाई मात्र पालैपालो फरकफरक स्थानमा अवलोकनका लागि राख्ने र बाँकी एक बाघलाई भने खोरको अभावका कारण 'होल्डिङ'मा राख्ने गरेको छ । दुई भाले बाघसँगै राख्दा आपसमा लडेर मर्नसक्ने खतराका कारण जोडी बाघलाई मात्रै सँगै राख्ने गरिएको हो ।

तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शम्शेरद्वारा विसं १९८९ मा निजीरुपमा स्थापना गरिएको सदर चिडियाखाना विसं २०११ देखि मात्र सर्वसाधारणलाई खुला गरिएको थियो । जावलाखेलस्थित सदर चिडियाखाना २०५२ सालदेखि राष्ट्रिय प्रकृति संरक्षण कोषले व्यवस्थापन गर्दै आएको छ । पहिलो ३० वर्षको अवधि समाप्त भएपछि वन मन्त्रालयले हालै मात्र अर्को थप ३० वर्षका लागि कोषलाई चिडियाखानाको व्यवस्थापनको जिम्मेवारी प्रदान गरिसकेको छ । करिब ६ हेक्टर क्षेत्रफलमा फैलिएको चिडियाखानामा हाल ११७ प्रजातिका एक हजार ३०० वन्यजन्तु तथा पक्षी रहेका छन् ।रासस

# सुनचाँदी व्यवसायीको आन्दोलन जारी भक्तपुरका व्यवसायीले न्यूरोडमा गरे प्रदर्शन

**काठमाडौं ।**

सुनचाँदी व्यवसायीले आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

सुन तथा सुनका गहनामा सरकारले पटक पटक लगाएको २ प्रतिशत विलासिता कर र हित तथा बहुमूल्य पत्थरमा लगाइएको १३ प्रतित भ्याटको विरुद्धमा सुनचाँदी आन्दोलित बनेका हुन् । सुनचाँदी व्यवसायी संघ र महासंघहरुहरुले संगठित रुपमा आन्दोलनका कार्यक्रमहरुलाई निरन्तरता दिएका हुन् ।

सरकारले बजेटमार्फत सुन, चाँदी, हिरा, र अन्य बहुमूल्य पत्थरहरूलाई विलासी वस्तुमा राखेर मूल्य अभिवृद्धि कर (भ्याट) र अन्य शुल्कहरू लगाउने प्रस्ताव गरेको निर्णयको विरोधमा व्यवसायीहरू विगत केही दिनदेखि सडक केन्द्रित आन्दोलनमा थिए ।

आन्दोलनकै सिलसिलामा मंगलबार पनि उनीहरुले काठमाडौंको न्यूरोड र बसन्तपुर क्षेत्रमा कालो ब्यानरसहित प्रदर्शन गरे । मंगलबार भक्तपुरका सुनचाँदी व्यवसायीहरु न्यूरोड पुगेर प्रर्दशन गरेका हन् ।

भक्तपुर सुनचाँदी व्यवसायी संघका कार्यवाहक अध्यक्ष बिजेन शाक्यले परम्परादेखि गर्दै आएको सुनचाँदी व्यवसायलाई भ्याट र कर अन्यायपूर्ण भएकाले खारेजीको मागसहित सडकमा आउनुपरेको प्रतिक्रिया दिए ।

उनले भने, 'हामीले गरिरहेको कार्यक्रम चाहेर गरेको होइन् । परम्परादेखि गर्दै आएको सुनचाँदी व्यवसायलाई भ्याट र कर लगाएर अन्याय गरियो । जन्मदेखि मृत्युसम्म चाहिने सुनमा जुन कर लगाएको छ त्यो अन्यायपूर्ण नै हो ।'

यस्तै, भक्तपुर सुनचाँदी व्यवसायी संघको सल्लाहकार साक्यन शाक्यले सुनलाई विलासिताको वस्तुमा राख्ने कुरा मान्य नभएको भन्दै हटाउनुपर्ने माग राखे ।

उनले भने, 'सरकारले आर्थिक वर्ष २०८२।८३ मा सुनलाई विलासिता वस्तु भनेर २÷ २ प्रतिशत गरेर तीन तहमा ६ प्रतिशत थप कर लगाउने र रत्न पत्थरजन्य वस्तुमा १३ प्रतिशत भ्याट लगाउनु असान्दर्भिक छ ।

कर नीतिका विरुद्धमा हामी आज मौन जुलुसका साथ न्यूरोडमा आएका छौ । सुनलाई विलासिताको वस्तुमा राख्ने हामीलाई मान्य नभएको हुनाले यसलाई हटाउनुपर्छ ।'

# राजपुर बमकाण्डः न्यायाधीशहरुमाथि नै छानबिनको माग गर्दै निवेदन दर्ता




**रौतहट ।**

रौतहटको यमुनामाई गाउँपालिका–४ सरुअठाका ८४ वर्षीय श्रीनारायण सिंह न्यायको खोजीका लागि काठमाडौं पुगेका छन् ।

राजपुर बमकाण्डमा नेपाली कांग्रेस नेता तथा पूर्वसांसद मोहम्मद आफताब आलम सहित चार जनालाई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले सफाइ दिएपछि न्यायाधीशहरूमाथि नै छानबिनको माग गर्दै न्याय परिषदमा निवेदन दर्ता समेत गराएका छन् ।

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जका न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले सफाइ दिएपछि असन्तुष्ट बनेका सिंहले मंगलवार न्याय परिषद्मा निवेदन दर्ता गराएका हुन् ।

न्याय परिषदमा दर्ता गराएको निवेदनमा न्यायाधीशद्वयले बदनीयतपूर्वक प्रतिवादीहरूलाई सफाइ दिएको आरोप लगाइएको छ । न्यायाधीशद्वयलाई निलम्बन गरी छानबिन गर्न र न्याय परिषद् ऐन तथा संविधान बमोजिम कारबाही गर्न उनले माग गरेका छन् ।

भारतको सीतामढीमा अध्ययनरत २२ वर्षका छोरा त्रिलोकप्रताप सिंह राजपुर बमकाण्डमा मारिएको र आफू सास रहुन्जेल न्यायका लागि लडिरहने बाबु श्रीनारायणले बताए ।

०६४ चैत्र २८ गते भएको पहिलो संबिधान सभा निर्बाचनको अघिल्लो दिन बम बिस्फोटमा परी घाइते भएकाहरुलाई जिउँदै इँटाभटामा जलाएर हत्या गरेको आरोपमा जिल्ला अदालत गौरले मोहम्मद अफताब आलमसहितलाई ०८१ वैशाख १४ गते जन्मकैदको फैसला गरेको थियो ।

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले आलमसहित उनका भाइ मोहम्मद महताद आलम, शेख सराज र बद्री सहनीलाई जिल्ला अदालत रौतहटको फैसला उल्ट्याउँदै सफाइ दिएको हो ।

पाँच बर्ष ८ महिना ८ दिन कारागार जीवन बिताएका आलम अदालतको फैसलासंगै रिहाई भएपछि अहिले आलम परिवारिक भेटघाटमा ब्यस्त छन् ।

# द्वन्द्व पीडित र बेपत्ता पारिएका व्यक्तिहरुको छानविन नहुनुमा राजनीतिक स्वार्थ छ'




**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले द्वन्द्व पीडित र बेपत्ताकै नाममा पैसा खर्च भइरहेको तर काम नभएको बताएका छन् ।

मंगलबार काठमाडौंमा आयोजित वेपत्ता पारिएका नागरिकको सार्वजनिककरणको प्रश्न विषयक अन्तरक्रिया कार्यक्रममा उनले बेपत्ताकै नाममा पैसा खर्च भइरहेको तर काम नभएको भन्दै यो मुद्दालाई निष्पक्ष छानबिन नगर्नुको पछाडि केही स्वार्थ रहेको बताए ।

उनले भने 'एउटा निष्कर्षचाँहि समयमै दिनुपर्ने हुन्छ । पछिल्लो समय झनै धेरै लागि परिरहको छौँ । हाम्रोतर्फबाट हुन सक्ने सहयोग गर्ने छौँ । राज्यले धेरै नै लापरबाही गरिरहेको छ । राज्य संवेदनहीन देखापरेको छ । जवाफविहीन बनेको छ । यो क्रम १९ बर्षदेखि भइरहेको छ । तर यो मुद्दा निश्कर्षमा पु¥याउनपर्ने भनेर बहस चलिरहँदा आयोग भत्काउने काम भएको छ । बेपत्ता आयोगकै नाममा पैसा खर्च भइरहेको छ तर काम भएको छैन ।'

यस्तै, उनले आयोग बन्ने कुरा पीडित परिवारको लागि राम्रो भएको भन्दै यसबारे देशका तीन ठूला दल गम्भीर हुनपर्ने बताए ।

उनले भने, 'आयोग बन्ने कुरा नराम्रो होइन कि आयोग बन्दा पीडित परिवारको लागि बन्नु पर्नेछ । यसबारे देशका तीन ठूला दल गम्भीर हुनपर्ने देखिन्छ । १९ बर्ष लागिरहँदा अर्को एक हप्ता समय दिए निष्कर्षमा पुगिने देखिन्छ । पीडित परिवारसँग बसेर निस्कर्ष निकाल्दा पार्टीले सहयोग गर्नेछ । माओवादीको आन्दोलन कस्तो हो इतिहासमा फर्किएर हेर्न आवश्यक छ । माओवादी आन्दोलन भनेको आफु मरे पनि आफ्नो आदर्श भुल्न हुँदैन ।'

सोही कार्यक्रममा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जालकी संयोजक देवी खड्काले आयेग गठन भएको तीन महिनासम्म सुचना जारी गर्नपर्ने भन्दै पीडितले दुःख गरेर परिवर्तन गरेको कानुनमा हस्तक्षेप गर्न नहुने बताइन् ।

उनले पीडितप्रति राज्य जिम्मेवार नभएकाले गणतन्त्रमाथि प्रश्न उठिरहेको समेत दाबी गरिन् । उनले नेताहरुले समाज परिर्वतनका कुरा गर्न छाडेर काम गर्नुपर्ने र अझैपनि कुप्रथा चलिआएको छ केही स्थानमा परिवर्तन गर्नुपर्ने समेत बताइन् ।

त्यस्तै, माओवादी केन्द्रका सचिव देव गुरुङ्गले वेपत्ता भएका परिवारको आजसम्म सार्वजनिक भएको छैन यो विषय सार्वजानिक होस् भन्ने पक्षमा लागि रहेको बताए ।

उनले राजनीतिक दलका कारण आजसम्म वेपत्ता परिवारका बारेमा सार्वजनिक हुन नसकेको बताए ।

उनले भने, 'वेपत्ता भएका परिवारको आजसम्म सार्वजानिक भएको छैन । यो विषय सार्वजनिक होस् भन्ने पक्षमा लागि रहेको छौ । छिटै सार्वजानिक होस् । सार्वजनिक नहुनुको कारण राजनीतिक दलहरु गैरजिम्मेवार भएर हो ।'

# कानुन व्यवसायी परिषद् विधेयकः महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने

**काठमाडौँ ।**

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि सरोकार भएकाहरूसँगको पर्याप्त छलफलपछि मात्र विधेयकलाई पूर्णता दिनुपर्नेमा जोड दिएका छन ।

प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको मंगलवारको बैठकमा सो विधेयकमाथि संशोधन प्रस्ताव प्रस्तुत गरेका सदस्यसँगको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै सरोकार भएका विज्ञको सुझावका आधारमा मात्र विधेयकलाई अगाडि बढाउने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डेले कानुन व्यवसायी परिषद् विधेयकमा महिलाको सहभागितासँगै सूचना तथा सञ्चार प्रविधिलाई समावेश गर्नुपर्ने माग गरे ।

सांसदहरू प्रतीक्षा तिवारी,ध्रुवबहादुर प्रधान, रामकुमार राईले र जीवन परियारले विधेयकका अव्यावहारिक पक्षलाई संशोधन गर्नुपर्नेमा जोड दिए । रासस

# ३१ दिन पैदल यात्रा गरेर काठमाडौं आएका बोहोराले प्रधानमन्त्री भेट्न पाएनन्

**काठमाडौं ।**

३१ दिन यात्रा तय गरेर प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न संघीय राजधानी काठमाडौं आएका सुर्खेतका नवराज बोहोरा प्रधानमन्त्रीसँग भेट गर्न दिइएन् ।

मंगलबार सुर्खेतबाट खाली खुट्टा पैदल यात्रा गरी काठमाडौं आएका बोहरा प्रधानमन्त्री ओलीको सरकारी निवास बालुवाटार पुग्दा उनलाई प्रहरीले अवरोध गरेको थियो । प्रहरीको निगरानीमा रहेका उनलाई प्रधानमन्त्रीलाई भेट्नै नदिइ फर्काइएको थियो ।

त्यसपछि उनी सिंहदरबारस्थित प्रधानमन्त्री एवम मन्त्रिपरिषद्को कार्यालय पुगेका थिए । त्यहाँपनि उनले प्रधानमन्त्री ओलीलाई भेट्न पाएनन् । उनले मुख्यसचिव एकनारायण अर्याललाई भेटेर आफ्ना मुद्दाबारे जानकारी गराउनुभएको प्रहरीले जनाएको छ । सिंहदरबारमा संचारकर्मीसँग बोल्न खोजेका बोहोरालाई प्रहरीले अवरोध गरेको थियो ।

अनियमितता र भ्रष्ट्राचार विरुद्ध खाली खुट्टा पैदल अभियान र कर्णालीको मुद्दा लिएर उनी जेठ ४ गते सुर्खेतबाट हिँडेका थिए । उनी कर्णालीका मुद्दाहरु एवम अनियमितता र भ्रष्ट्राचारका विषयहरु लिएर काठमाडौं आएका हुन् ।

# राजविराजका निलम्बित मेयर र योजना अधिकृतसहित दुई दर्जनविरुद्ध किटानी जाहेरी





**मनोज माझी**
**सप्तरी ।**
गत जेठ २७ गते राजविराज नगरपालिकामा भएको तोडफोड, कर्मचारीमाथि कुटपिट र लुटपाट घटनाविरुद्ध मंगलबार प्रहरी समक्ष दुई वटा किटानी जाहेरी बुझाइएको छ । एउटा जाहेरी राजविराज नगरपालिकाको तर्फबाट कार्यवाहक मेयर इसरत परविन तथा अर्को जाहेरी राजविराज–२ का सजात अलीले बुझाएका हुन् ।

राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव, योजना अधिकृत मनोज यादव, राजविराज नगरपालिका–९ का सुधिर यादव, राजविराज–१३ का गजेन्द्र यादवसहित दुई दर्जन व्यक्तिलाई विपक्षी बनाई कार्यवाहक मेयर परविनद्वारा प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडालाई बुझाइएको जाहेरीमा नगरपालिकाको सार्वजनिक भौतिक संचरनाको अनाधिकृत कब्जा, विनाश एवम् अपराधिक उपद्रवतर्फ कारवाही चलाउन माग गरिएको छ । निलम्बित मेयर यादवपक्षले नगरपालिकामा तालाबन्दी गरि कामकाज अवरुद्ध गरेपछि प्रशासन समेतको छलफलबाट २७ गते ताला खोल्ने क्रममा विपक्षीहरुको समूहले नगरपालिकामा व्यापक तोडफोड र लेखाअधिकृत शत्रुधनलाल दास, शहरी स्वास्थ्य क्लिनिकका इन्जार्च सन्तोष दास लगायतलाई कुटपिटका साथै लेखाअधिकृत दासको दुई तोलाको सुनको सिक्री समेत लुछेर लगेको जाहेरीमा उल्लेख छ ।

तोडफोड र कुटपिट गर्दै गरेको दृश्यसहितको पेनड्राइभ समेत प्रमाणका रुपमा बुझाउँदै जाहेरीमार्फत उनीहरुमाथी कडा कारवाही र क्षतिपूर्तीको माग गरिएको छ । उक्त जाहेरीको बोधार्थ प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्रालय, मानवअधिकार आयोग, मधेश प्रदेश मुख्यमन्त्रीको कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय, निजामति कर्मचारी संघ केन्द्रिय कार्यालय, जिल्ला प्रशसन कार्यालय र पत्रकार महासंघ शाखा सप्तरीलाई समेत दिइएको छ । कर्मचारीमाथि कुटपिट भएपछि नगरपालिकाको काम बहिष्कार गरि विगत पाँच दिनदेखी धर्नामा बसेका कर्मचारीहरु समेत कार्यवाहक मेयर परविनसँगै जाहेरी पत्र बुझाउन जिल्ला प्रहरी कार्यालय पुगेका थिए । जाहेरी बुझाएपछि उनीहरु पुनः धर्नामा बसेका छन् ।

यसैगरी जेठ २७ गते भएको घटनामा कार्यवाहक मेयर परविन पक्षको मान्छे हो भन्दै आफूलाई मारेर फाल्ने भन्दै निलम्बित मेयर यादवले आदेश दिएको र त्यसपछि योजना अधिकृत मनोज यादव, राजविराज–९ का सुधिर यादव र राजविराज–१३ का गजेन्द्र यादव लगायतले मरनासन्न हुने गरि कुटेको भन्दै ज्यान मार्ने उद्योग गरेको आरोपसहित राजविराज नगरपालिका–२ निवासी सजात अलीले अर्को जाहेरी दिएका छन् ।

घटनास्थल बाहिर आफू उभिरहेको समयमा उक्त समूहले निर्घात कुटपिट गरेको र प्रहरीको सहयोगले बल्ल ज्यान बचेको भन्दै दोषीमाथि उनले ज्यान मार्ने उद्योग तथा क्षतिपूर्तिको माग गरेका छन् । उनले पनि कुटपिट गर्दै गरेको दृश्य पेन डा«इभमार्फत प्रमाणका रुपमा बुझाएका छन् । जाहेरी बुझ्दै प्रहरी उपरीक्षक खतिवडाले प्रमुख जिल्ला अधिकारीसँग समेत सल्लाह गरि आवश्यक कानुनी प्रक्रिया अघि बढाउने बताएका थिए ।

# वीरगंज महानगरमा रातको समयमा पनि नाला सरसफाइ



**वीरगंज ।**
मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगंजमा दिनमा मात्र नभएर रातको समयमा पनि नाला सरसफाइ अभियान थालिएको छ । दिउँसोको समयमा ट्राफिक जाम अत्यधिक हुने क्षेत्रमा लक्षित गरेर रातको समयमा पनि नाला सरसफाइ अभियानलाई तीव्रता दिएको छ । वीरगंज महानगरले सोमबार रातको समयमा जिल्ला प्रशासन कार्यालयको प्राङ्गणसँगै मुख्य नालालाई एक्जाभेटरको सहयोगमा पनि सरसफाइ अभियान अघि सर्यो । वीरगंज महानगर–१३ मुर्लीस्थित सडकसँगै जोडिएको नालामा पनि रातकै समयमा श्रमिक खटाएर नाला सरसफाइ अभियानलाई अघि बढाइएको छ । वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले मनसुनको समयमा वीरगंजमा डुबानको समस्या देखिनसक्ने भन्दै घण्टाघरको हुलाक कार्यालयबाट भन्सार कार्यालयसम्म नाला सरसफाइको अभियानलाई तीव्रता दिएको बताए । 'महानगरले सरसफाइ अभियानलाई कुनै पनि हालतमा सम्झौता गरेको छैन', उनले भने, 'वैभव वीरगंज अभियानलाई साकार पार्न पनि नाला सरसफाइ अभियानलाई तीव्रता दिँदै आइरहेका छौँ ।' ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले पनि वीरगंज महानगरले पछिल्लो समय रातको समयमा पनि सरसफाइ अभियानलाई तीव्रता दिँदै आइरहेको बताए । 'एक दशकअघिको वीरगंज र अहिलेको वीरगंजमा धेरै परिवर्तन देखिसकेको छ', उनले भने, 'हामीले भन्नुभन्दा पनि यहाँ घुम्न आउने सर्वसाधारणले वीरगंज सरसफाइ भएको अनुभूति गर्दै आइरहेका छन् ।' अध्यक्ष खेतानले महानगरले दिनरात नभनी नाला सरसफाइ अभियान अघि बढाउँदै आइरहेको बताए । 'विगतमा मनसुनको समयमा यहाँका विभिन्न ठाउँमा डुबानको समस्या देखिन्थ्यो', उनले भने, 'सोही समस्या समाधानका लागि महानगरले दिनरात नभनी नाला सरसफाइ अभियान अघि सार्दै आइरहेको छ । यो कार्य निकै सराहनीय छ ।' महानगरले रातको समयमा पनि एक्जाभेटर, ट्रयाक्टरको सहायताले नाला सरसफाइ गर्दै आइरहेको छ । अर्को तर्फ टोलतर्फको नाला भने मानव जनशक्ति प्रयोग गर्दै साना प्रकृतिको नाला सरसफाइ गर्दै आइरहेको छ । वीरगंज महानगरको फोहरमैलाको व्यवस्थापनको जिम्मेवारी पाएको एनके इन्टरप्राइजेजका सञ्चालक शिव गुप्ताले वर्षायाममा वीरगंजका नाला भरिएर सडकमै पानी छताछुल्ल हुने समस्यालाई न्यूनीकरण गर्न नाली सरसफाइ अभियान अघि सारिएको बताए । महानगरभित्रको सम्पूर्ण फोहरमैला व्यवस्थापनको जिम्मेवारी सार्वजनिक–निजी साझेदारीअन्तर्गत एनके इन्टरप्राइजेजले पाएको छ । वीरगंज महानगर–१३ का स्थानीय नैमाजुदिन अन्सारी सडक बनेको तीन वर्षमा मात्र नाला सरसफाइ गर्न थालिएको बताए ।

'नालामा विभिन्न खालका फोहर जम्मा भएर भरिएको थियो', उनले भने, 'महानगरले रातको समय पारेर नालाको ढकन खोलेर सरसफाइ अभियान शुरु गरेर राम्रो कामको शुरुवात गरेको छ । यस्ता अभियानलाई निरन्तर अघि बढाउन जरुरी छ ।' वीरगंज महानगरका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सर्फुदिन मियाँले महानगरले पछिल्लो समय नाला सरसफाइ कार्यक्रमलाई विशेष महत्व दिँदै आइरहेको बताए । 'हामीले वर्षापछि नाला सफाइ अभियानकै रूपमा अघि बढाउँदै आइरहेका छौँ, यसले वर्षायाममा हुनसक्ने डुबानलाई न्यूनीकरण गर्न सघाउ पुग्ने छ', उनले भने । रासस

## गैरकानुनी सम्पत्तिमा फसे पर्साका पूर्व यातायात अधिकृत गौतम

# २ करोड ५१ लाखको भ्रष्टाचार मुद्दा



**मधेशदृष्टि**
**वीरगंज ।**
गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको अभियोगमा यातायात व्यवस्था कार्यालय पर्साका तत्कालीन अधिकृत कमलराज गौतमविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । सार्वजनिक पदको दुरुपयोग गर्दै २ करोड ५१ लाख ७८ हजार ६८७ रुपैयाँ बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको ठहर गर्दै आयोगले गौतमविरुद्ध मंगलबार भ्रष्टाचार मुद्दा दर्ता गराएको हो । अख्तियारले बिगो बराबर जरिवाना र कैद सजाय माग गर्दै गैरकानुनी रूपमा आर्जन गरिएको सम्पत्ति जफत गर्न मागदाबी पनि गरेको छ । गौतम आठौं तहका अधिकृतका रूपमा सवारी चालक अनुमति पत्रसम्बन्धी कार्य हेर्ने जिम्मेवारीमा रहँदा अनियमितता भएको उजुरीका आधारमा अख्तियारले अनुसन्धान थालेको थियो । अनुसन्धानको क्रममा २०५५ सालको वैशाख ७ देखि २०७९ चैत २४ गतेसम्मको अवधि भित्र उनले आर्जन गरेका सम्पत्तिको स्रोत पुष्टि हुन नसकेपछि उनीविरुद्ध भ्रष्टाचारको अभियोग लगाइएको हो । अख्तियारका अनुसार सो अवधिमा गौतमको वैध आय कूल २ करोड ८९ लाख २० हजार २ सय ६८ रुपैयाँ मात्र देखिएको छ ।

यो आयमा उनको पारिश्रमिक, भत्ता, श्रीमती सरला नेपालको कमाइ, ऋण, शेयर र सवारी साधन बिक्री, बीमा, कृषि र घर भाडा आय लगायतका स्रोतहरू समावेश छन् ।

तर, उनी र उनका परिवारले घर, जग्गा, सवारी साधन, सुन, शेयर, अध्ययन खर्च लगायतका शीर्षकमा ५ करोड ४० लाख ९८ हजार ९५५ रुपैयाँ बराबरको सम्पत्ति खर्च र लगानी गरेको पाइएपछि शंका उत्पन्न भएको हो । 'आय र खर्चबीच २ करोड ५१ लाख ७८ हजार ६८७ रुपैयाँको फरक देखिएको र सो रकमको स्रोत पुष्टि हुन नसकेपछि उनी गैरकानुनी सम्पत्ति आर्जनमा दोषी देखिएका छन्,' अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए । अख्तियारले गौतमले आफ्नो सम्पत्ति विवरणमा झूटो विवरण पेश गरेर सम्पत्ति लुकाएकोसमेत अनुसन्धानबाट खुलेको जनाएको छ । यति मात्र नभइ उनले पत्नी सरला नेपाल गौतमको नाममा समेत सम्पत्ति लुकाएको ठहर भएपछि सरलालाई समेत प्रतिवादी बनाइएको छ । विशेष अदालतमा दायर अभियोगपत्रमा अख्तियारले गौतम र उनकी पत्नीविरुद्ध गैरकानुनी सम्पत्ति जफतसहित कडा कानुनी कारबाहीको माग गरेको छ ।

# बालुवामुनी प्रतिबन्धित गाँजा लुकाइराखेका फरार प्रतिवादी तीन वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
तस्करीका लागि बालुवामुनी ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषद गाँजा गाडेर राखेको तीन वर्ष पुरानो घटनाका फरार प्रतिवादी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१ बस्ने बुधन भन्ने जोगानन्द मण्डल पक्राउ परेका छन् । गोप्य सूचनाको आधारमा ३५ वर्षीय मण्डललाई सोमबार राती प्रहरीले कोशी ब्यारेज क्षेत्रबाट पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय भारदहबाट खटेको टोलीले राती ९ बजेतिर उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । पक्राउ परेका मण्डललाई मंगलबार सप्तरी जिल्ला अदालतबाट लागुऔषध कसुरमा सात दिन म्याद थपी आवश्यक अनुसन्धान भइरहेको उनको भनाइ छ । प्रहरीका अनुसार २०७९ पुस १४ गते हनुमाननगर कंकालिनी नगरपालिका–१ स्थित सप्तकोशी नदी किनारमा बालुवामुनी गाडेको अवस्थामा प्रहरीले ८ सय १० केजि प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको थियो । अनुसन्धानका क्रममा उक्त गाँजा तस्करी प्रयोजनका लागि मण्डलले नै राखेको खुलेको थियो । त्यपश्चात् प्रहरीले खोजतलास शुरु गरेपछि मण्डल फरार भएका थिए ।

# जनकपुरधाममा 'अष्टावक्र गीता' प्रवचनका लागि बजेट माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक पर्यटकीय स्थलको रूपमा जनकपुरधामलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउन पहलस्वरूप मारवाड़ी सेवा समितिले 'अष्टावक्र गीता' प्रवचन कार्यक्रम आयोजना गर्न बजेट विनियोजनको माग गरेको छ । समितिका अध्यक्ष निर्मल कुमार चौधरीले नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशकलाई पत्र लेख्दै जनकपुरधाममा आध्यात्मिक गुरु श्री श्री रविशंकरको प्रवचन कार्यक्रम गरिनुपर्नेमा जोड दिएका छन् । पत्रमा जनाइएको छ, 'राजा जनकका कुलगुरु महर्षि अष्टावक्रद्वारा रचित 'अष्टावक्र गीता' माथि प्रवचन कार्यक्रम जनकपुरधाममा आयोजना गर्न सकिएमा धार्मिक पर्यटनको विकाससँगै अन्तर्राष्ट्रिय ध्यान यसतर्फ आकर्षित हुनेछ । यसले मधेश प्रदेशलाई पर्यटकीय उन्नतिमा ठूलो फड्को मार्न सहयोग पुर्याउनेछ ।' चौधरीले उक्त कार्यक्रम आयोजनाका लागि आर्थिक वर्ष २०८२÷८३ को बजेटमा छुट्टै बजेट विनियोजन गर्न आग्रह गरेका छन् । यसअघि २०६२÷६३ को बजेट तर्जुमाको अन्तरक्रिया कार्यक्रममा समेत उनले यस्तो कार्यक्रमको प्रस्ताव राखिएको स्मरण गराएका छन् । यस सन्दर्भमा उनले प्रदेश सरकार, पर्यटन मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिका, उद्योग वाणिज्य महासंघ लगायतका सम्बन्धित निकायहरूलाई बोधार्थ पठाएका छन् । धार्मिक महत्वले भरिपूर्ण जनकपुरधामलाई आध्यात्मिक केन्द्र बनाउने अभियानका रूपमा यो कार्यक्रमलाई अगाडि सार्नुपर्ने चौधरीको भनाइ छ । यसले आन्तरिक र बाह्य पर्यटकहरूको आगमनमा उल्लेखनीय वृद्धि हुने उनको विश्वास छ ।

# नारायणी अस्पतालमा मुटु सेवा नहुँदा विपन्न बिरामी मर्कामा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारले देशभरका १५ वटा अस्पतालमार्फत मुटु रोगको निःशुल्क उपचार सेवा उपलब्ध गराए पनि मधेश प्रदेशको प्रमुख अस्पताल वीरगंजस्थित नारायणी अस्पतालमा भने यो सेवा नपुगेको भन्दै स्थानीयवासी आक्रोशित छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक रूपमा कमजोर नागरिकका लागि शुरु गरेको यस सेवाअन्तर्गत वडाको सिफारिससहित बिरामीले एक लाख रुपैयाँसम्मको सहुलियतमा मुटु रोगको जटिल उपचार पाउने व्यवस्था गरिएको छ । महाधमनीको शल्यक्रिया, पेसमेकर तथा स्टेन्ट राख्ने र पूर्ण रूपमा क्षतिग्रस्त भल्भको उपचारजस्ता सेवा समावेश छन् । हाल काठमाडौंका वीर अस्पताल, गङ्गालाल हृदयरोग केन्द्र, पाटन अस्पताल, चितवन मेडिकल कलेज, धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, बुटवलको गौतम बुद्ध मुटु अस्पतालसहितका अस्पतालमा मात्र यो सुविधा उपलब्ध छ । तर, मधेश प्रदेशको केन्द्रको रूपमा रहेको वीरगंजको नारायणी अस्पतालजस्तो सुसज्जित सरकारी स्वास्थ्य संस्थालाई छुट गरिनु स्वास्थ्य प्रणालीको असमानता भएको स्थानीयको गुनासो छ । 'सरकारले सबै प्रदेशलाई समान रूपमा हेर्नुपर्छ, यहाँका गरीब जनताको मुटुमा स्टेन्ट राख्न काठमाडौं धाउनुपर्ने बाध्यता किन ?' वीरगंजका सामाजिक अभियन्ता महेश ठाकुर भन्छन् । स्थानीयले मधेश प्रदेशका लागि यो सेवा तुरुन्त उपलब्ध गराउन र नारायणी अस्पताललाई सेवा केन्द्रको रूपमा समावेश गर्न सरकारसँग माग गरेका छन् ।

# सुक्खाबन्दरगाहबाट ४५ अर्ब ६१ करोड राजस्व सङ्कलन

**वीरगंज ।**
सिर्सियास्थित वीरगंज सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा ४५ अर्ब ६१ करोड ६८ लाख ५० हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालु आवको ११ महिनामा राजस्व सङ्कलन उत्साहजनक रहेको जानकारी दिए । उनले साउनमा तीन अर्ब ७५ करोड, भदौमा चार अर्ब ६४ करोड, असोजमा चार अर्ब ३६ करोड, कात्तिकमा तीन अर्ब ७९ करोड राजस्व सङ्कलन भएको बताए । मङ्सिरमा तीन अर्ब २२ करोड, पुसमा तीन अर्ब ५६ करोड, माघमा चार अर्ब २९ करोड, फागुनमा चार अर्ब ६८ करोड र चैतमा चार अर्ब ५० करोड राजस्व सङ्कलन भएको उनले बताए । वैशाखमा भने चार अर्ब ३४ करोड ५२ लाख ८९ हजार, जेठमा चार अर्ब ४३ करोड ५७ लाख ११ हजार राजस्व सङ्कलन गरेको छ । उक्त कार्यालयको चालु आवमा ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन